खानको पार्टीले विरोधको आह्वान... | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक २५६ • २०८० साल माघ २९ गते सोमबार (12 Feburary, Monday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

### किर्ते नागरिकता प्रकरण

# २४घण्टा नबित्दै मेयरका कान्छी श्रीमतीद्वारा सम्बन्ध विच्छेदको मुद्दा

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले आफ्नो दुई श्रीमती रहेको बताएको २४ घण्टा नबित्दै उनका कान्छी श्रीमतीले सम्बन्ध विच्छेदको मुद्दा दर्ता गराएकी छन् । मेयर सिंहले एक युवती रुवीना श्रेष्ठलाई छोरी बनाएर नागरिकता दिलाएको आरोपमा विभिन्न सातवटा निकायमा उजुरी दर्ता गरिएको छ ।

गृहमन्त्रालयको टोलीले शनिवार मेयर सिंहसंग सोधपुछ गर्दा उनले दुईवटा श्रीमती रहेको बताएका थिए । छोरी रुवीनालाई नागरिकता दिलाउनकालागि विभिन्न निकायमा रहेको प्रमाणहरु समेत मेयर सिंहले नष्ट गराएको र गुपचुप रुपमा विदेश पठाएको मेयर सिंहमाथि आरोप छ ।

मेयर सिंहले शनिबार दुईवटा विहे गरेको स्वीकारोक्तिको २४ घण्टा नवित्दै कान्छी श्रीमती रिता भट्टराईले अंश र सम्बन्ध विच्छेदको मुद्दा पर्सा जिल्ला अदालतमा दर्ता गरेकी छन् । सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका-१० की रिता भट्टराईले जिल्ला अदालत पर्सामा अंश र सम्बन्धविच्छेदको मुद्दा दर्ता गराएकी छन् ।



भट्टराईले दर्ता गरेको फिरादपत्रमा राजेशमान सिंह आफ्नो श्रीमान् भएको दाबी गर्दै अशंसहित सम्बन्ध विच्छेदको मागं गरिएको छ । मेयर सिंहसँग आफूले प्रेम विवाह गरेको कुरा सार्वजनिक रुपमा बाहिर नआएको उनको जिकिर छ । आफ्नो शरीरबाट जन्मेकी छोरी रुवीनाको सम्पूर्ण भरण पोषण तथा सरकारी कागजात सिंहले नै बनाइदिएको र सोकै आधारमा आफू उनको पत्नी भएको तथ्य स्थापित हुने भट्टराईको फिराद पत्रमा भनिएको छ ।

मुलुकी देवानी संहित २०७४ को दफा ७४ मा कुनै पुरुषसँगको शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी जन्मिएको प्रमाणित भएमा त्यस्तो पुरुष र महिलाबीच स्वत विवाह भएको मानिने उल्लेख छ । अतः स्थापित कानुनअनुसार प्रतिवादी राजेशमान सिंह मेरो पति भएको पुष्टि हुन्छ,' भट्टराईको फिराद पत्रमा दावी गरेकी छन् ।

आफूसँग नाता कायम नै नभएकी युवतीलाई बुबा बनेर नागरिकता दिलाएका सिंहले गृह मन्त्रालयको छानबिन समितिसँग शनिबार आफूले बहुविवाह गरेको बयान दिएका थिए ।

रुवीना श्रेष्ठको नागरिकता किर्तेमा फस्ने डरले गलत बयान दिएको भोलिपल्टै जिल्ला अदालत पर्सामा रिताले स्वतः पति नाता कायम रहेको दाबी गर्दै अंश र सम्बन्ध विच्छेदको मुद्दा दायर गरेकी सरकारी छानबिन टोलीको बुझाइ छ । मेयर सिंहले बहुविवाह स्वीकार गर्नु, त्यसको भोलिपल्टै पति दाबी गर्दै भट्टराईले अंश र डिभोर्स मुद्दा दायर गर्नुले मेयरको किर्ते धन्दा थप छताछुल्ल भएको गृह मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

'उनले एक गल्ती छोप्न अर्को गल्ती गरिरहेका छन्,' गृहको छानबिन समितिका एक सदस्यले भने, 'तर, यसले उनी थप उदाङ्गो हुँदै गएका छन् । नैतिक धरातल गुमाइरहेका छन् ।'

वीरगञ्जका नागरिक अगुवाहरूले भने नागरिकता किर्ते प्रकरणमा विवादमा आएका वीरगञ्जका मेयर सिंहले कारबाहीबाट जोगिन नयाँ नयाँ उपाय अवलम्बन गरिरहेको बताउँछन् । मेयर सिंहले एकपछि अर्को किर्ते गरिरहँदा सरकारी अनुसन्धान भने कमजोर भएको भन्दै उनीहरूले कानुनी छिद्रमा टेकेर भइरहेको गैरकानुनी कार्य रोक्न माग गरेका छन् ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन
☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।
१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE




विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite

जाडोमा लिनुपर्ने सावधानीहरु



पानी प्रशस्त पिउने
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ ।

Warm Up गर्ने
शारीरिक व्यायाम सुरु गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि ब्यायाम सूरु गर्ने ।

हिंडाइको गति कम गर्ने
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ ।

मदिरा र चुरोट सेवन नगर्ने
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।

चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन ।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण
जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरुरी छ ।

धेरै चिल्लो खानेकुरा नखाने
जाडोमा कोलेस्ट्रोल बढने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ ।

चिसोमा हिड्दा छाती दुख्नु
मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरुरी हुन्छ ।

औषधिको नियमित प्रयोग
मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ ।


व्यायमको बेलामा चिसोबाट सुरक्षा
यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ ।

हंसपुर नगरपालिका
बघचौडा, धनुषा, मधेश प्रदेश

# अग्नीसाइर कृष्णावरन गाउँपालिकामा तालाबन्दी

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको अग्नीसाइर कृष्णावरन गाउँपालिकामा स्थानीयवासीले तालाबन्दी गरेका छन् । मालपोत कार्यालय सप्तरीले रोक्का गरेको बजारको जग्गा गाउँपालिकाले फुकुवा गर्न पत्राचार गरेपछि स्थानीयवासीले गाउँपालिका कार्यालयमा आइतबार तालाबन्दी गरेका छन् ।



गाउँपालिका अध्यक्ष दिनानाथ चौधरीले इटहर्वा बजारको विवादित जग्गा फुकुवा गर्न मालपोत कार्यालय सप्तरीलाई पत्राचार गरेको निर्णय फिर्ता गर्न माग गर्दै आन्दोलनमा उत्रिएको स्थानीयले बताएका छन् ।

सो जग्गा ३४ वर्षदेखि हटियाले उपभोग गरी रहेको सार्वजनिक जग्गा भूमाफियाले कब्जा गरेपछि विवादित अवस्थामा हुँदाहुँदै मालपोत कार्यालयले समेत रोक्का गरेको जग्गा गाउँपालिका अध्यक्ष चौधरीले फुकुवा गर्न पत्राचार गरेको विरोधमा आन्दोलनमा उत्रिएको बजार व्यवस्थापन समितिका अध्यक्ष मिलन चौधरीले बताए ।

उनले निर्णय फिर्ता नभएसम्म गाउँपालिका कार्यालयमा तालाबन्दी गरी कामकाज अवरुद्ध गर्ने जानकारी सञ्चारकर्मीलाई दिए । अग्नीसाइर कृष्णासवरन गाउँपालिका-२ स्थित रहेको साबिक सितापुर गाविस-७ (क) कि.नं. ६५५ क्षेत्रफल १ बिघा २ कट्ठा १७ धुर धनुषा साबिक पौडेश्वर गाविस- ६ का ४१ वर्षीय शत्रुघनप्रसाद ठाकुरको नाममा दर्ता कायम रहेको छ ।

सो जग्गा विभिन्न जालभेल गरेर व्यक्तिको नाममा पास गरेको भन्दै वडा कार्यालयले विगत ७ वर्षदेखि मालपोत रसिद काट्न रोकेका थिए । विवादित जग्गाको रसिद जनप्रतिनिधि र कर्मचारीलाई प्रभावमा पारी ठाकुरले वडा -४ र ५ बाट मालपोत रसिद लिएको कुरा सार्वजनिक भएको थियो ।

२०४४ सालमा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेन ओलीले सो बजारको उद्घाटन गरेका थिए । सोही जग्गा भूमाफियाहरुले २०७२ सालमा कब्जा गरी धनीपुर्जा लिएको स्थानीय बजारवासीको भनाइ छ ।

# राजविराज कारागारको शौचालयमा बन्दी मृत फेला

**टुडे समाचारदाता**

राजविराज । बलात्कारको आरोपमा पुर्पक्षका लागि राजविराज कारागारको थुनामा रहेका बन्दी मृत फेला परेका छन् ।

राजविराज कारागारको थुनामा रहेका सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-६ का १९ वर्षीय देवेन्द्र मण्डल आइतबार मृत अवस्थामा फेला परेका कारागारका निमित्त प्रशासक सदानन्द दासले जानकारी दिए । उनका अनुसार मण्डलको शव कारागारभित्रको शौचालयमा झुण्डिएको अवस्थामा आइतबार बिहान फेला परेको छ ।

गत साउन १३ गते राति १५ वर्षीया बालिकालाई अपहरण गरी बलात्कार गरेको आरोपमा मण्डल गत भदौ ११ गतेदेखि पुर्पक्षका लागि कारागारमा बन्दी थिए ।

बालिकालाई घरबाट जबर जस्ती तानेर पाँच सय मिटर पूर्वपोखरीको डिलमा लगेर बलात्कार गरेको भन्दै पीडितका अभिभावकले जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिएक थिए ।

हनुमाननगर कङ्कालिनी-६ का २३ वर्षीय देवनाथ मण्डल, २३ वर्षीय श्यामसुन्दर मण्डल र २० वर्षीया जसोधाकुमारी मण्डलले हातखुट्टा समातेपछि देवेन्द्रले बालिकाको सिउँदोमा सिन्दूर हालेको पीडितका बुवाको भनाइ थियो ।

जिल्ला प्रहरी कार्यालयले मण्डललाई गत साउन १७ गते पक्राउ गरेको थियो । प्रहरी कार्यालयमा गत साउन १८ गते बलात्कारको उजुरी दर्ता भएकोमा सप्तरी जिल्ला अदालतमा गत भदौ १० गते अभियोगपत्र दायर भएको थियो । जिल्ला न्यायाधीश हर्कबहादुर क्षेत्रीको इजलाशले मण्डललाई भदौ ११ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा राख्ने आदेश दिएको थियो ।

पासोमा झुण्डिएर आत्महत्या गरेका मण्डलको घटना थाहा पाएलगत्तै कारागार प्रशासनले परिवारलाई जानकारी दिएको निमित्त कारागार प्रशासक दासले बताए ।

# आफताब विरुद्धको मुद्दामा साक्षी बुझ्ने आदेश

**टुडे समाचारदाता**

गौर । रौतहट जिल्ला अदालतले विष्फोटक पदार्थ बम समेतको प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यानसम्बन्धी कसुरमा मोहम्मद अफताब आलमविरुद्धको मुद्दामा साक्षी बुझ्ने आदेश गरेको छ ।



न्यायाधीश मातृकाप्रसाद आचार्यको एक इजलासले आइतबार गौरीशङ्कर रामको स्वास्थ्य परीक्षणबारे फरेन्सिक विभागसँग बुझ्ने आदेश गरेको छ । साथै सरकारी साक्षी तथा गवाह बुझ्ने गरी पनि न्यायाधीश आचार्यको इजलासले आदेश दिएको रौतहट जिल्ला अदालतका स्रेस्तादार उद्धव ढोडारीले जानकारी दिए ।

वि.सं २०६४ चैत २७ गते रौतहटको राजपुरमा भएको बम विष्फोटका घाइतेलाई ईँटाभट्टामा जलाएर मारेको अभियोग आलममाथि छ । आलम पुर्पक्षका लागि २०७६ कात्तिक २९ देखि थुनामै छन् ।

२०६४ सालको संविधान सभा निर्वाचनको पूर्वसन्ध्यामा राजापुरमा बम विष्फोट भएको र पोल खुल्ने डरले बम विष्फोटका घाइतेहरूलाई ईँटाभट्टामा हालेर जलाएको आरोप पूर्वमन्त्रीसमेत रहेका आलममाथि लागेको छ ।

२०७६ कात्तिक १८ गते आलममाथि रौतहट जिल्ला अदालतमा 'विष्फोटक पदार्थ बम समेतको प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यानसम्बन्धी कसुर'मा मुद्दा दायर भएको थियो । यो मुद्दाको थुनछेक बहसपछि आलम २०७६ कात्तिक २९ गतेदेखि पुर्पक्षका लागि थुनामा छन् ।

पुर्पक्षका लागि थुनामा पठाउने जिल्ला अदालतको आदेशविरुद्ध आलमले उच्च अदालत वीरगञ्जमा पुनरावलोकनका लागि निवेदन दिएका थिए । २०७६ माघ २४ गते उच्च अदालतले जिल्लाको आदेश सदर गरेपछि आलम सर्वोच्च अदालत पुगेका थिए । सर्वोच्च अदालतले गत २३ वैशाखमा धरौटीमा रिहा हुनुपर्ने माग अस्वीकार गरेको थियो । यो मुद्दामा कांग्रेस नेता तथा पूर्वमन्त्री आलमसहित ११ जना प्रतिवादी छन् ।

# श्रव्यदृश्य निर्माणमा एआइको प्रयोग

**टुडे समाचारदाता**

काठमाण्डु । सूचना प्रविधिका क्षेत्रमा कृत्रिम बौद्धिकता (आर्टिफिसिएल इन्टेलिजेन्ट-एआइ) को छुट्टै स्थान छ । केही समययता लोकप्रिय भइरहेको मानवनिर्मित प्रविधि एआइमा मानिससरह सोच्ने, बोल्ने र व्यवहार गर्ने क्षमता हुन्छ ।

गुगल, माइक्रोसफ्ट, लेनोभोजस्ता सूचना प्रविधिसँग प्रत्यक्ष सरोकार राख्ने हार्डवेयर तथा सफ्टवेयर उत्पादकहरू एआइमा काम गरिरहेका छन् । इन्टरनेट प्लेटफर्ममा एआइ प्रविधिका विभिन्न एपहरू चर्चामा पनि रहेका छन् ।

ती एपहरूले सङ्कलन गरेर नयाँ ढङ्गले सूचना प्रस्तुत गर्नका लागि जेनेरेटिभ एआइ प्रविधिको प्रयोग गर्छन् अर्थात् 'ओपन सोर्स'मार्फत सूचना निर्माण गर्ने काम गर्छन् । यसै प्रविधिमार्फत हाल नेपाली गीतका लागि श्रव्यदृश्य तयार गरिएको छ । गायक प्रमोद खरेल र गायिका डा त्रिशाला गुरुङले गाउनुभएको बालबालिकालाई असल नागरिक बन्न प्रेरणा दिने सन्देश बोकेको गीत 'तिमी जे बन, उदाहरण बन' को श्रव्यदृश्य एआइ प्रविधिमार्फत तयार गरिएको हो ।

"हामीले सोचेजस्तो भिडियोलाई एआइको मद्दतले तयार गरेका हौँ । अहिले विश्वभर प्रविधिको प्रयोग बढिरहँदा हामीले पनि सुरुआत गरेका हौँ", निर्देशक ढुङ्गेलले भने, "गीतले आफ्ना सन्तान प्राध्यापक, डाक्टर, इञ्जिनियर, पाइलटजस्ता निश्चित पेसामा लागेको देख्न रुचाउने परम्परागत सोचभन्दा माथि उठेर जेजस्तो काम, पेसा वा व्यवसायमा लागे पनि आफ्नो कार्यमा उत्कृष्ट हुने कोसिस गर्दै असल मान्छे बन्न प्रेरित गरेको छ ।" श्रव्यदृश्यलाई राजु बस्नेतले सम्पादन गरेका हुन् ।

# ७७ लाखभन्दा बढीको आँखा उपचार

**टुडे समाचारदाता**

सिरहा । लहान-३ स्थित सगरमाथा चौधरी आँखा अस्पताल ४१ औँ वर्षमा प्रवेश गरेको छ । स्थापना भएदेखि अहिलेसम्म ७७ लाख ६९ हजार ११० बिरामीको उपचार गरेको छ । जसमध्ये ३१ लाख ८३ हजार २१ आँखाका बिरामीको शल्यक्रिया गर्न अस्पताल सफल भएको छ ।



सन् १९८३ मा उपचार सुरु गरेको वर्षमा १७ हजार २४८ आँखाको बिरामी जाँच गरेको थियो भने एक हजार ६३१ आँखाका बिरामीहरूको शल्यक्रिया गरेको अस्पतालका वरिष्ठ प्रबन्धक अभिषेक रोशनले जानकारी दिए ।

उनका अनुसार कोरोना सङ्क्रमण कालमा बिरामीको कम भएको थियो । कोरोना नियन्त्रण भएपछि सन् २०२२ मा सबैभन्दा बढी छ लाख ६७ हजार बिरामीले उपचार गराएका छन् । ६३ हजार २२३ आँखाका बिरामीको शल्यक्रिया गरिएको थियो। सन् २०२३ मा आँखा अस्पताल तथा यस अन्तर्गत रहेका आँखा तथा कान उपचार केन्द्र समुदाय स्तरमा शिविर, विद्यालय जाँच तथा घरदैलो बिरामीका आँखा तथा कान जाँच सञ्चालन गरी पाँच लाख ७७ हजार ३९६ बिरामीको उपचार र ६२ हजार ५७७ बिरामीको शल्यक्रिया गरिएको छ।

सन् २०२३ मा समुदाय स्तरमा ९६ वटा आँखा शिविर सञ्चालन गरेर २५ हजार ०६४ बिरामीको आँखा परीक्षण गरेर पाँच हजार ६४० बिरामीको निःशुल्क आँखाको शल्यक्रिया गरिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सञ्जय सिंहले जानकारी दिए । सप्तरी जिल्लामा विद्यालय आँखा परीक्षण कार्यक्रम अन्तर्गत १३५ वटा विद्यालयबाट २३ हजार ४२३ जना बालबालिकाको आँखा परीक्षण गरेको बताए। उनका अनुसार अस्पतालमा मात्रै आँखा बिरामीको जाँच तथा उपचार ३४ लाख २२५ र कानको शल्यक्रिया चार हजार ६१० जना बिरामीको गर्न सफल भएको छ।

सगरमाथा चौधरी आँखा अस्पतालले लहानको पहिचान अन्तर र्राष्ट्रिय जगतमा समेत विस्तार गरेको लहान नगरप्रमुख महेशप्रसाद चौधरीले बताए । अस्पतालको चर्चासँगै स्वास्थ्य पर्यटकीय स्थलको रूपमा समेत विस्तार भइरहेको उनको भनाइ छ।

# 'नेपाली पत्रकारिताको इतिहासको खोज र अध्ययन आवश्यक छ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली पत्रकारिताक्षेत्रका विज्ञ एवं अग्रजहरुले पत्रकारिताको इतिहासबारे खोज र अध्ययनको आवश्यकता औँल्याएका छन् ।

नेपाल पत्रकार महासङ्घ प्रतिष्ठान प्रदेश समितिद्वारा प्रकाशित 'अग्र अनुहार, कथा अग्रजको, गाथा महासङ्घको' आइतबार यहाँ विमोचन कार्यक्रममा प्रा डा रामकृष्ण रेग्मीले पुस्तकबारे समीक्षा गर्दै पत्रकारिताको इतिहासको खोज अनुसन्धानले यस क्षेत्रको वर्तमान चुनौतीको सामना र भविष्यको बाटो पहिल्याउन सहयोग पुग्ने बताए ।

उक्त पुस्तक नेपाली पत्रकारिताको इतिहासको लागि उपयुक्त स्रोत सामग्री हुने उनले बताए । "यस पुस्तकले नेपालमा पत्रकारितालाई सङ्गठनको रुपमा विकास गर्दा आइपरेका चुनौती र उहाँहरुले गर्नुभएको सामनाका बारेमा जानकारी दिन्छ", उनले भने, "भविष्यको बाटो पहिल्याउन विगत हेर्न पर्छ भने जस्तै यसले पत्रकारिताको इतिहासबारे अध्ययन गर्न र सिङ्गो पत्रकारितालाई अघि बढाउन सहयोगी सावित हुनेछ । अध्ययनका लागि स्रोतसामग्रीको अभाव सधै खड्किन्छ । यस पुस्तकलाई गतिलो स्रोतसामग्रीको रुपमा प्रयोग गर्न सकिन्छ ।"



कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले पत्रकारिताको इतिहाससँगसँगै नेपाल पत्रकार महासङ्घको इतिहासको खोजी, सम्मान र इतिहासलाई स्थापित गर्न प्रयासररत रहेको बताए। उनले उक्त पुस्तक पत्रकारिताको इतिहासका बारेमा अध्ययनका लागि अभिलेखीकरण भएको बताउँदै पत्रकारिताको इतिहास खोज्न र तथ्यमा आधारित भएर इतिहासलाई स्थापित गर्न महासङ्घ प्रयत्नशील भएको बताएका हुन् ।

"पुस्तकका सन्दर्भमा नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) को असहमति र असन्तुष्टि छ । त्यसलाई एक तार्किक निष्कर्ष, तथ्यपरक अध्ययन र विधिसम्मत अनुसन्धानका विधिहरु प्रयोग गरेर टुङ्गोमा पुर्याउने विषयमा हामी सबैको एकमत छ । अहिले पत्रकार महासङ्घले हामी जुन विधानबाट निर्वाचित भएर आएका छौँ र विधानले चिन्ने पूर्व अध्यक्षहरुको पुस्तक निकालेको हो", उनले भने, " पत्रकार महासङ्घको इतिहासको खोजी, सम्मान र इतिहासलाई स्थापित गर्ने प्रयत्न भइरहेको छ । सत्यनारायणबहादुर श्रेष्ठको सन्दर्भमा सङ्गठन स्थापना गरेको हो भन्ने सत्य हो । त्यसमा कुनै पनि विमति छैन । महासङ्घले उनको नाममा पुरस्कार स्थापना गर्ने, विशेष विभुषण दिने विषयमा सुझाव लिँदैछौँ ।"

उक्त कार्यक्रममा महासङ्घका पूर्वसभापति हरिहर विरहीले विगतका पत्रकारिताको अभ्यास र इतिहासबारे उल्लेख गर्दै पछिल्लो समय खोजमूलक पत्रकारिताको आवश्यकता औँल्याउनुभयो । "राजनीतिकक्षेत्रमा देखिएका विसङ्गति र विकृति एवं आफ्नै कार्यक्षेत्रमा देखिएको समस्याका कारण पत्रकार र पत्रकारिता क्षेत्र नै ओइलाइरहेको जस्तो देखिन्छ", उनले भने, "तर अहिले पनि सबैभन्दा धेरै आशा पत्रकारिता क्षेत्रसँग गरिएको छ । त्यसैले हाम्रो त्रुटी, उदासीनता, कमजोरीलाई हटाउँदै उत्साहका साथअघि बढ्न सरोकारवाला सबै संस्थाले पनि सोच्न आवश्यक छ ।"

पूर्वसभापति किशोर नेपालले पत्रकारिता क्षेत्रको विकासका लागि सबै पत्रकारले आफना मुद्दामा एक हुनुपर्नेमा जोड दिँदै पत्रकारको सम्मानका लागि पत्रकारिता क्षेत्रलाई गुणस्तरीय बनाउनुपर्ने बताए । "नेपालको मात्र हैन संसारको कुनै पनि देशमा पत्रकारिताले विश्राम लिन पाउँदैन र लिएका छैनन् । पत्रकारिताका लागि उपयुक्त वातावरण बनाउन प्रेरित गर्दै जाने हो विकृत बनाउने हैन । इतिहासमा बिग्रिएका कुरालाई सच्याउँदै जाने हो, विचलित हुनुहुँदैन", उनले भने ।

यस्तै, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्काले पुस्तकमा महिला जनजातिलगायत सबैको अनुभव र जीवनी समेटिनुपर्ने सुझाव दिए । उनले पत्रकारितामा देखिएका चुनौतीको मिलेर सामना गर्नुपर्ने भन्दै समितिले आफ्नो अधिकारको सीमितता र बाधा अड्चनका बाबजुद पारिश्रमिक वृद्धिका लागि काम गरिरहेको समेत दाबी गरे ।

पत्रकार, पत्रकारिता र राजनीतिसँगै नेपाल पत्रकार सङ्घदेखि महासङ्घसम्मका विषय समेटेर तयार पारिएको उक्त पुस्तकको नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज)ले असहमति जनाएको छ ।

# बैंकिङ कसुरमा नौ करोड बढी जरिवाना, एक पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल प्रहरीले बैंकिङ कसुर मुद्दामा रु नौ करोड सात लाख छ हजार ३७८ जरिवाना ठहर भएका एक जनालाई पक्राउ गरेको छ ।



प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले बैंकिङ कसुरमा उक्त रकम जरिवाना भएका काभ्रेपलाञ्चोक पनौती नगरपालिका-६ का ६७ वर्षीय रामभक्त थापालाई पक्राउ गरी आज सार्वजनिक गरेको हो ।

ब्युरोका प्रहरी उपरीक्षक होविन्द्र बोगटीले बैंकिङ कसुर मुद्दामा तीन वर्ष कैद सजाय र रु नौ करोड सात लाख छ हजार ३७८ जरिवाना तोकिएका थापालाई कोटेश्वरबाट पक्राउ गरिएको जानकारी दिए । "थापाले क्यापिटल मर्चेन्ट तथा फाइनान्स कम्पनी लिमिटेडका पदाधिकारी र कर्मचारीलाई प्रभावमा पारेर ऋण लिएको अनुसन्धानमा खुलेको छ", उनले भने ।

प्रहरी नियन्त्रणमा रहेका थापाले 'काभ्रे बोइलर सप्लायर्स' फर्जी कम्पनीका कागजात बनाएर कर्जा लिएको खुलेको हो । उक्त मुद्दामा विसं २०७१ वैशाख २९ गते तत्कालीन पुनरावेदन अदालत पाटनले थापालाई तीन वर्ष कैद र बिगोबमोजिम जरिवाना सुनाएको थियो । थापालाई प्रहरीले आज फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौँ पेस गरेको छ ।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



शुक्लाफाँटा नगरपालिका-९ का किसान तोरीमा राँगाको सहयोगमा दाइँ (गहनी) लगाउदै । तोरीलगायते अन्न बाली थ्रेसिङ गर्न मेसिनको प्रयोगलाई बढावा दिन थालिएपछि गोरु, राँगाद्वारा दाइँ (गहनी) लगाइने कार्य हाल बिस्तारै हराउँदै जान थालेको छ। *तस्बिर : रासस*

# मैथिली सभ्यता र पहिचान उन्नयनको प्रयास

**टुडे समाचारदाता**

जनकपुरधाम । ठिहिर्‍याउँदो जाडो, रातको १२ बजेसम्म कार्यक्रम । त्यसको कुनै प्रवाह नगरी दर्शकले खचाखच भरिएको हुन्थ्यो जनकपुरधामस्थित महेन्द्रनारायण निधि संस्कृति केन्द्रको परिसर । एक दिन वा एकघण्टा होइन, यस्तै भइरह्यो यही माघ १८ देखि २२ गतेसम्मका पाँच दिन ।

आयोजक मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी समयको हिसाबकिताब गर्दै भन्छन्, "प्रत्येक दिन १७ घण्टाको कार्यक्रम हुन्थ्यो । सुरुमा त दर्शक नआउने पो हुन् कि भन्ने लागिरह्यो ! जसैजसै कार्यक्रम र दिन लम्बिँदै गए, त्यसैत्यसै आकर्षण पो थपियो बरु । महोत्सवका पाँचै दिन, सत्रै घण्टा स्थानीयले रातबिरात वा जाडोको प्रवाह नगरी आनन्द लिए ।"

त्यसरी दैनिकजसो कार्यक्रममा सहभागी भई आनन्दविभोर हुनेमध्ये एक हुनुहुन्थ्यो जनकपुरधाम–४ निवासी बिमल पण्डित । उनी सकेसम्म महोत्सवका सबै सत्रमा उपस्थित भए । नभए सामाजिक सञ्जालको माध्यमबाट भए पनि आनन्द लिनुभयो । त्यसको एउटै कारण थियो, मिथिला र मिथिलाबासीहरुको सभ्यता एवं पहिचानसँग जोडिएका विविध विषयमाथिको चर्चा परिचर्चा ।

"मिथिला र मैथिली सभ्यता तथा पहिचानका लागि सुरुको दिन निकालिएको शोभा यात्राले नै मलाई हरेकदिन कार्यक्रममा जान बाध्य बनायो", साहले भने,"तर त्यहाँ गएर कुनै पनि दिन किन आएछु भनेर पछुताउनु परेन । आफ्नो कला, संस्कृति, पहिचान र सभ्यताको कुरा उठेपछि आनन्द लाग्ने रहेछ ।"

उनी मात्रै होइन, ७२ वर्षिय रामदेव यादवले कार्यक्रमबारे धेरै चर्चा र चासो सुनेपछि आफू पनि त्यहाँ जान बाध्य भएको बताए । "म त चियापसले हुँ । मेरो पसलमा थरिथरिका मान्छेहरु आउँछन् । धेरैको मुखबाट त्यही महोत्सवको चर्चा सुनेपछि म पनि फुर्सद निकालेर त्यहाँ जान बाध्य भए", यादवले सुनाए,"चियापसलबाट समय निकालेर हेर्न गएका सांस्कृतिक प्रस्तुती र नाट्कबाट धेरै प्रभावित भए । तर मैले हेर्न नभ्याएका अरु विषयहरु पनि त्यत्तिकै राम्रो थियो भन्ने कुरा चियागफमा सुन्ने गरेको छु ।"

पाँच दिनको अवधिमा विविध विषयमाथि विचार मन्थन भयो । यद्पि प्रस्तुतिका विधा फरकफरक हुन्थे । विमर्श, नाटक मञ्चन, कवि गोष्ठी, मिथिला चित्रकला तथा हस्तकला प्रदर्शनी, वक्तृत्वकला, सांस्कृतिक कार्यक्रम तथा अन्य संगोष्ठी । भाषा, विधा र प्रस्तुतिका शैली फरकफरक भए पनि सारमा मिथिला र मैथिली सभ्यता तथा पहिचानको निजत्व, महत्व एवं प्रभुत्वबारे पुनर्ताजगीको प्रयास हुन्थ्यो । सँगसँगै मिथिलाको कला, संस्कृति र भाषा संस्कृतिबारे एकखालको आवेग उत्पन्न गराउन, युवा पुस्तामा त्यसको महत्व विस्तार तथा पुस्तान्तरणका लागि उद्वेलित गर्ने प्रयत्न हुन्थ्यो ।

महोत्सवलाई नजिकबाट हेर्नुभएका स्थानीय परमेश्वर कापडी सुस्ताएको पुरानो पुस्ता र आफ्नो सभ्यता एवं पहिचानबारे खासै चासो नराख्ने युवा पुस्तालाई पुनर्ताजगी गर्ने महोत्सवले महत्वपूर्ण माध्यमको काम गरेको बताउछन् । उहाँ भन्छन्,"मिथिला र मैथिली सभ्यताबारे जानकार पुरानो पुस्ता सुस्ताउदै गएको छ । नयाँ पुस्तालाई धेरै चासो छैन । यस्ता महोत्सव तथा कार्यक्रमहरुले नै हो यी दुबै पुस्तालाई जागृत गर्ने । त्यसैकारण यस महोत्सवले आम जनतामा मैथिली सभ्यताको सम्पूर्णता देखाउन निकै प्रयत्न गरेको छ ।"

कापडीले कला, साधना, विचार मन्थन र चिन्तन परम्पराको केन्द्र रहेको जनकपुर (मिथिला) को गरिमा र आवेगलाई सम्झाउन, चम्काउन र यहाँको समाजसँग भएको विविधतालाई महोत्सवले प्रभावकारीरूपमा प्रस्तुत गर्न सफल भएको बताए । त्यसैगरी मैथिली विकास कोषका सदस्य सचिव एवं वरिष्ठ पत्रकार श्यामसुन्दर शशी पनि मैथिली सभ्यताको विगतलाई सम्झाउन, कतिपय गलत अभ्यासबारे पछुताउन र भविष्यका लागि चिन्तित हुँदै असल योगदानका लागि संकल्प गर्न महोत्सवमा गहन विमर्श भएको बताउछन् । "महोत्सवको पाँच दिनमा जल्दाबल्दा विषयहरू सामाजिक सञ्जाल, नयाँ दलको उदय र पुराना दलको उपस्थिति, युवा चिन्तनदेखि पहिचानका मुद्दाहरू उठान गर्‍यौ । आफनो गौरबगाथालाई सम्झिन साहित्य, कला, संस्कृति प्रदर्शनको काम भयो", कापडी भन्छन्,"सबैभन्दा महत्वपूर्ण विषय विविध कारणले मिथिलाको भाषा संस्कृतिलाई जाती विशेषको भनेर अर्थ्याउने गरिएकामा मिथिलाको भूगोलमा बस्ने सबै जातजाति मैथिल र यहाँका सबै भाषिक तथा सांस्कृतिक सम्पदा हाम्रा साझा सम्पत्ति हुन् भन्नेमा एउटा बुझाई बनाउन थोरै भए पनि सफल भएका छौं ।"

त्यसैगरी साहित्यकार तथा नाट्यकर्मी रमेश रञ्जन जनकपुर अर्थात मिथिलाको ' गौरवशाली अतित र ऊर्जायुक्त वर्तमान' राजनीतिक सत्तास्वार्थका कारण ओझेलमा पर्दै गएकाबेला महोत्सवले अस्तित्व रक्षाका लागि जागृत हुन अभिप्रेरित गरेको टिप्पणी गरे । "जनकपुरले मानव सभ्याताको आरम्भदेखि नै ज्ञान, विज्ञानको अनुसन्धान, उत्खनन्, परिस्कृत एवं त्यसको संग्रह गर्ने थलोका रूपमा एउटा गौरबशाली विरासत बनाएको छ । त्यही विरासतबाट प्राप्त भाषा, साहित्य, कला, संस्कृतिको उन्नयन र विकासका लागि महोत्सवले विगतदेखि नै विमर्श गरिरहेको छ । यो पटक पनि देश, विदेशका विद्वानहरूलाई राखेर ज्ञानको उत्खनन् र आदानप्रदान गर्न अत्यन्तै मिहेनत भएको छ", उनको कथन छ ।

वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमल भने महोत्सवले विभिन्न विषयवस्तुको माध्यमबाट यहाँको चिन्तन एवं परामर्श परम्परालाई जागृत गर्ने प्रयत्न गरेको र अब त्यसका निष्कर्षलाई योजनावद्धरूपमा कार्यान्वयन गर्न लाग्नुपर्ने बताउछन् । "महोत्सवमार्फत मिथिला र मैथिली साहित्य, कला, संस्कृति एवं सभ्यता, देशको राजनीतिक तथा अन्य परिस्थितिबारे गहन विमर्श भएको छ । त्यहाँ धेरैले केही प्रतिवद्धता पनि जाहेर गरे । अब हरेक दिन, हरेक सत्र र विषयमाथिको विमर्शका निष्कर्ष एवं प्रतिवद्धता कार्यान्वयनका लागि पहल गर्न सक्नुपर्छ", डा. विमलले सुझाव दिए ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले महोत्सवको माध्यमबाट समग्र मधेशलाई एकैथलोमा उभ्याउने र मिथिलाको चिन्तन परम्परालाई जागृत गर्ने चाहना एकहदसम्म सफल भएको बताए । तर मञ्चमा व्यक्त विचार र प्रतिवद्धता कार्यान्वयन भएको दिन त्यसको सफलतालाई थप मूल्याङ्कन गर्नु उपयुक्त हुनेमा उनको पनि सहमति छ ।

"मिथिलाको समाज, यहाँको आर्थिक, सामाजिक एवं राजनीतिक समस्या, यहाँको सोच, द्वन्द्व र त्यसको निकासका लागि विविध विषयमा गहन विमर्श भयो । अब त्यसको परिणाम देखिनुपर्छ । त्योमध्ये स्थानीय तहका प्रमुखहरुले आगामी शैक्षिक सत्रदेखि नै मातृभाषा शिक्षा र प्रदेश तहका नेता एवं मन्त्रीहरुले प्रदेश भाषाका विषयमा प्रतिवद्धता जनाउनुभएको छ । त्यस्ता अनेकन विषयमा गरिएका प्रतिवद्धता पूरा गर्न हामी निरन्तर झक्झक्याइरहने छौँ", चौधरीले भने ।

जनकपुरधाम साहित्य, कला तथा अन्तर र्राष्ट्रिय नाट्य महोत्सवलाई मधेशको उत्सवका रूपमा स्थापित गर्ने योजनाअनुसार आफूहरू अगाडि बढिरहेको बताउने अध्यक्ष चौधरी विगतका महोत्सवबाट पाठ सिक्दै यो श्रृखंला र यो श्रृखंलाबाट पाठ सिक्दै आगामी श्रृंखलालाई थप भव्य र सभ्य बनाउन लाग्नेसमेत बताउछन् । "विगतको सिकाइबाट यो पटक हामीले मुस्लिम समुदायलाई समेट्ने प्रयास गर्‍यौं । एकैथलोमा धेरै विषय समेट्ने प्रयास गर्दागर्दै दलित समुदाय, यहाँका ५२ कुटी ७२ कुण्ड, सार्वजनिक सम्पत्तिमाथिको विमर्श छुटेको छ । आगामी दिनमा ती र अरु विषय समेटेर अगाडि बढ्ने छौँ", चौधरीले भने ।

त्यसैगरी जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले मधेश प्रदेशमा पहिचान, सभ्यता र भाषिक उन्नयनको कुरा उठिरहेका बेला महोत्सवले स्थानीय, प्रदेश र सङ्घीय सरकारमा प्रभाव पर्नसक्ने व्यक्तिहरुको ध्यानाकर्षण गर्न सफल भएको बताए । जातीय, भाषिक र सांस्कृतिक विविधतायुक्त नेपालमा दोस्रो धेरै बोलिने मैथिली भाषा र त्योसँग जोडिएका सभ्यताको समेत संरक्षणमा सबै तहतप्कालाई जागृत गर्नु सराहनीय भएको बताउँदै नगरप्रमुख साहले कला, संस्कृति र भाषाबारेको सन्देश युवापुस्तामा सम्प्रेषण गर्न महोत्सवले महत्वपूर्ण मञ्चको काम गरेको बताए ।

"नेपालका धेरै सभ्यता, मौलिक विशिष्टतायुक्त कला–संस्कृति, रहनसहनमध्ये मिथिलाको आफ्नै छुट्टै प्राचिन एवं समृद्ध परम्परा छ । त्यसको जगेर्ना गर्नु सबै तहका सरकार र अन्य सरोकारवालाहरुको दायित्व हो । महोत्सवको विभिन्न विमर्श सत्रबाट त्यो दायित्व बोध हामीलाई पनि भएको छ । त्यसैकारण मैले त कक्षा एकदेखि आठसम्म मैथिली मातृभाषाको पाठ्यक्रम लागू गर्ने प्रतिवद्धता नै जनाइसकेको छु", साहको भनाई छ ।

मैथिली विकास कोष, प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको संयुक्त आयोजना र जनकपुरधाम उपमहानगरपालिकाको सह–आयोजनामा महेन्द्र नारायण निधि संस्कृति केन्द्रमा सम्पन्न महोत्सवको यो चौथो श्रृ‍ंखला हो । महोत्सव २०७३ सालदेखि सुरुभएको थियो ।

चौथो महोत्सवका विधि विषयमध्ये महोत्सवको पहिलो दिन जनकपुरको रंगभूमी मैदान १२ विघाबाट निकालिएको शोभायात्रामा स्वस्फूर्तरूपमा सरिक यहाँका रैथाने समुदायको उपस्थिति र झाँकीहरु साँच्चै हेर्नलायक थिए । त्यहाँ बयबृद्धदेखि युवा, विद्यार्थी, व्यवसायी, महिला तथा बालबालिकाले आफ्नो पहिचान झल्काउने पहिरनसहित सहभागिता जनाएका थिए । त्यसलगत्तै उद्घाटन सत्रमा हिन्दु, मुस्लिम धर्मावलम्बीका आस्था झल्किने प्रस्तुति तथा तामाङ सेलो र झिझियाजस्ता नृत्यमार्फत सिङ्गो देशको चित्र देखाउने प्रयास भएको थियो । सधैं घुम्टोमा देखिने मुस्लिम धर्मावलम्बी किशोरीहरूलाई समेत सहभागी गराएपछि आयोजकको सर्बत्र प्रशंगा भइरहेको छ ।

त्यसबाहेक 'नव घर उठ्य, पुरान घर...?' शीर्षकको विमर्शमा नेपालको राजनीतिक परिदृश्य, नयाँ दलहरुको उदय र पुराना दलहरुको उपस्थितिमाथि बृहंगम बिमर्श भयो । त्यस्तै, अहिलेको चासो र चर्चाको विषय 'सामाजिक सञ्जाल कि जञ्जाल' माथिको विमर्शले धेरैलाई उद्वेलित गर्‍यो । जनकपुर गाथाः व्यक्ति चित्र, मिथिला मधेशः उर्बर कि जर्जर र मधेशमा नयाँ संकटका रुपमा देखापरेको पानी अभावको विषय 'पानीविना अकाल पड़लै अकाले हो राम' शीर्षकमाथिको विमर्शमा चुरेको अनियन्त्रित दोहन, अव्यवस्थित पूर्वाधार निर्माण र नागरिक सचेतनाको अभावमा मधेशले निकट भविष्यमा पानीको चरम संकट भोग्नेबारे ध्यानाकर्षण गरियो ।

त्यसबाहेक मिथिलामा सिमान्त, भाषा एक नाम अनेक, मातृभाषा शिक्षा, मिथिला चित्रकलामा समकालीनता, कहिले भेटिएला प्रदेश भाषा, चौकठिसँ चानदिस, मैथिली साहित्यमा युवा लेखनजस्ता विभिन्न २० वटा विषयमा विमर्श भयो । नेपाल र भारतका कलाकारद्वारा मैथिली, नेपाली, हिन्दी, असामी र बंगाली गरी पाँचवटा भाषामा सातवटा नाटक प्रस्तुत गरियो ।

त्यसैगरी विमर्श र नाटक मञ्चनपछि सधैं आयोजना हुने सांस्कृतिक कार्यक्रममा नेपाल तथा भारतका थुप्रै गायक गायिकाले भरपूर मनोरञ्जन दिए । स्थानीय सुनिल मल्लिक, डा. आभाष लाभ, नविन मिश्र, संगीता देव, नेहा प्रियदर्शनी, स्मृति मिश्र र भारतीय कलाकारहरू रंजना झा, प्रिया मल्लिक, पुनम मिश्र, अमर आनन्द, जुली झालगायतले दिनहुँ राती १२ बजेसम्म गर्ने सांगीतीक प्रस्तुतिले जनकपुर गुञ्जायमान भएको थियो । नाटक र मिथिला चित्रकला प्रदर्शनी कार्यशालाले पनि धेरैलाई रोमाञ्चित बनाएको थियो ।

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा छ । मधेशले सङ्घीयताको जननीका रूपमा गौरब गर्ने गर्छ । सात प्रदेशमध्ये मधेश र मधेशीको पहिचान झल्कने गरी प्रदेशको नाम 'मधेश' र राजधानी जनकपुर राख्न सकेकामा यहाँ अझ बढी गौरबबोध छ । तर आदिमकालमा तत्कालीन मिथिलाको केन्द्रका रूपमा रहे पनि यस क्षेत्रका गौरबगाथा, इतिहास, सभ्यता र पहिचान विकास, विस्तार तथा संरक्षणमा राज्य व्यवस्थाले भूमिका नखेलेकामा ठूलो दुखमनाउ पनि छ । त्यसैकारण पछिल्लो समय मधेश प्रदेश सरकारले यहाँको इतिहास लेखन गर्दैछ । यहाँका प्राज्ञिक मञ्चमा मिथिला कला, संस्कृति र भाषा पुनर्स्थापित गर्नुपर्नेमा निरन्तर विमर्श हुँदै आएका छन् । त्यसैको एउटा उत्कर्ष थियो– जनकपुरधाम साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव । उल्लेखित विषयमाथिको निष्कर्ष र प्रतिवद्धतालाई कार्यान्यिन गर्न र गराउनसकेमा महोत्सवको ओज थप बढ्ने विश्वास गर्न सकिन्छ ।




# 'भ्रष्टाचारविरुद्धको शून्य सहनशिलताका लागि सबैको सहयोग आवश्यक'



**टुडे समाचारदाता**

काठमाण्डु । अख्तियार दुरुपोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले सदाचार पद्धतिको विकास र भ्रष्टाचारविरुद्धकोशून्यसहनशिलताको नीतिलाई मूर्तरुप दिन सबैको सहयोग र सक्रियता जरुरी भएको बताएका छन् ।

आयोगको ३३औं स्थापना दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रममा बोल्दै उनले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगले सक्रिय भूमिका निर्वाह गर्दै आएको बताए । उनले भने, "आयोगको स्थापना दिवसका अवसरमा विशिष्ट व्यक्तिको गरिमामय उपस्थितिले सुशासन कायम गर्दै भ्रष्टाचार नियन्त्रण गर्ने प्रतिबद्धताका साथ अगाडि बढ्ने हाम्रो सङ्कल्पलाई अझ बलियो बनाएको छ ।"

देशमा सुशासनको अवस्थामा अपेक्षित सुधार हुन नसकेको गुनासो जनताको तहमा व्याप्त रहेको भन्दै उनले यसप्रति सबै सक्रिय र जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिए ।"भ्रष्टाचारविरुद्धको लडाइँ आयोग एक्लैको मात्र होइन, यो एक बहुआयामिक विषय भएको हुँदा यसका लागि सामूहिक प्रयासको खाँचो छ । सुशासन स्थापनाका लागि हरेक नागरिक परिवर्तनको अभियान्ता बन्न सक्नुपर्दछ", प्रमुख आयुक्त राईले भने ।

सङ्घीयता कार्यान्वयनपछि हालसम्म तीनै तहका सरकारमा हुने विकास निर्माण, बजेट विनियोजन, अनुदान वितरण, सेवा प्रवाहजस्ता कार्यमा सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गर्ने, घुस/रिसवत लेनदेन गर्ने, गैरकानुनी लाभ लिने बदनियत राखेर काम गर्ने र गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी उल्लेख्य सङ्ख्यामा उजुरीहरु आयोगमा पर्ने गरेको उनको भनाइ थियो ।

सार्वजनिक खरिद तथा निर्माणको पारदर्शीता नदेखिएको, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्राकृतिक स्रोतसाधनको उपयुक्त मापदण्डको पालना नभएको अख्तियारले उल्लेख गरेको छ । प्रमुख आयुक्त राईले सार्वजनिक जग्गाको दुरुपयोग बढेको, सरकारी जग्गा निजी प्रयोजनका लागि बिक्री गर्ने प्रवृति पाइएको भन्दै जिम्मेवार निकाय र पदाधिकारी सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने कानुनी दायित्व निर्वाह गर्ने कार्यमा थप जिम्मेवार बन्नुपर्ने खाँचो औँल्याए ।

उनले नीति, कानुन, संरचना, जनशक्तिलगायतका आधार भूत पूर्वाधारसमेत तयार नगरी प्रतिस्पर्धा सीमित गरी सूचना प्रविधि र उपकरण खरिद गर्दा ठूलो लगानीको दुरुपयोग भएको भनी उजुरी आइरहेको तथा पूर्वाधार तथा भौतिक संरचनाको निर्माण गुणस्तरको प्रत्याभूतिलगायत विषयको छानबिनको दायरालाई विस्तार गरी आफ्नो काम कारबाहीलाई अझ सक्रिय बनाउन आयोग गम्भीरतापूर्वक अघि बढिरहेको स्मरण गराए । प्रमुख आयुक्त राईले सार्वजनिक संस्थाको कार्यसम्पादन सुधार गर्न स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट बजारमा उपलब्ध योग्य व्यक्ति वा समूहलाई व्यावसायिक क्षमता, योग्यता र सुधार योजनाको आधारमा छनोट गरी सोही अनुरुपको कार्य वातावरण सिर्जना गर्न जरुरी रहेको बताए ।

उनले सार्वजनिक निकायमा देखिएका विकृति र विसङ्गति तत्काल अन्त्य गरी मुलुकमा सुशासन प्रवर्द्धन तथा सरकारप्रतिको नागरिकको भरोसा अभिवृद्धि गर्न सबैले अनुरोध पनि गरे । कानुनविपरीतका क्रियाकलापमा संलग्नलाई कानुनी दायरामा ल्याउन आयोग थप सशक्त रुपमा अघि बढ्ने उनको भनाइ थियो ।

ट्रान्सपरेन्सी इन्टरनेशनलको हालै प्रकाशित भ्रष्टाचार अनुभूति सूचकाङ्कमा गत वर्षभन्दा एक अङ्क बढेर नेपालको अवस्थामा सामान्य सुधार भएको छ । ५० भन्दा कम अङ्क प्राप्त गर्ने मुलुक भ्रष्टाचारको उच्च जोखिमयुक्त मुलुकमा गणना हुनेमा नेपालको अङ्क ३५ मात्र हुनुले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा नेपालले अझै निकै सङ्घर्ष गर्नुपर्ने आयोगले उल्लेख गरेको छ ।

तिनै तहका सरकारमा कार्यकारी भूमिकामा रहने राजनीतिक पदाधिकारी, राष्ट्रसेवक कर्मचारी र आम नागरिकमा यसप्रतिको दायित्वबोध नहुन्जेल भ्रष्टाचार नियन्त्रणमा आशातित सफलता हासिल गर्न कठिन हुने भन्दै प्रमुख आयुक्त राईले भ्रष्टाचार नियन्त्रणको राष्ट्रिय अभियानमा आ-आफ्नो ठाउँबाट योगदान गर्न सबैमा अनुरोध गरे ।

'सुधारौँ सोच, संस्कार र व्यवहारः नियन्त्रण हुन्छ भ्रष्टाचार' भन्ने नाराका साथ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो ३३औं स्थापना दिवस मनाएको हो । आयोगले आफ्नो स्थापनाकालदेखि नै प्राप्त गुनासो र उजुरीउपर अनुसन्धान गरी भ्रष्टाचार भएको देखिएमा विशेष अदालतमा मुद्दा दायर गर्ने प्रमुख संवैधानिक जिम्मेवारी निर्वाह गर्दै आएको छ । यसबाट राष्ट्रको आर्थिक र सामाजिक विकासमा निरन्तर योगदान पुऱ्याउँदै आएको आयोगको विश्वास छ ।

कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, उपप्रधानमन्त्री, सांसद, उच्च सरकारी अधिकारीलगायतको उपस्थिति थियो ।

सो अवसरमा राष्ट्रपति पौडेलले आयोगको स्मारिका-२०८० को लोकार्पण गरे ।सोही अवसरमा समाचार सम्प्रेषणमार्फत भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा योगदा पुऱ्याएको भन्दै विभिन्न सञ्चारमाध्यमका पत्रकारलाई नगद रु २० हजार र कदरपत्रसहित सम्मान गरिएको थियो । यसरी सम्मानित हुनेमा कान्तिपुर दैनिकका पत्रकार मातृका दाहाल, लोकान्तर डटकमका जयकुमार मिश्र (अनुरागी), रातोपाटी डटकमका सुवास गोतामे र स्वतन्त्र पत्रकार सुदर्शन आचार्य रहनुभएको छ ।त्यसैगरी आयोगका कर्मचारीमध्ये उत्कृष्ट अनुसन्धानकर्ता तथा उत्कृष्ट अख्यियार सेवा पुरस्कार क्रमशः राजेशकुमार दास र प्रहरी नायव उपरीक्षक प्रकाश बुढाथोकी तथा उपन्यायधिवक्ता निरन्जन स्थापितलाई नगद रु ३५ हजार र ताम्रपत्र सहित सम्मान गरिएको छ

भ्रष्टाचार नियन्त्रण र सदाचार संस्कृति प्रवर्द्धनका लागि आयोगले उपचारात्मक रणनीतिका अतिरिक्त निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिसमेत अवलम्बन गरेको छ । आयोगले तीनै तहका सरकार, नागरिक समाज, नागरिक संस्था, विद्यालय र सञ्चार जगतसँगको सहकार्यमा भ्रष्टाचारविरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ ।

# दसलाख बढी सवारीसाधन कारबाहीमा

**टुडे समाचारदाता**

काठमाण्डु । ट्राफिक प्रहरीले चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्म देशभर १० लाख ५२ हजार ५५ विभिन्न सवारीसाधनलाई कारबाही गरेको छ । उक्त कारबाहीबाट रु ७९ करोड ७१ लाख ४४ हजार ८५२ राजस्व सङ्कलन गरेको जनाइएको छ ।

प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार राजस्वमध्ये काठमाडौं उपत्यकाबाट रु ३२ करोड ३३ लाख ७० हजार, कोशी प्रदेशबाट रु सात करोड ८७ लाख दुई हजार ९४३, मधेस प्रदेशबाट रु १० करोड पाँच लाख ५८ हजार ९०१, बागमती प्रदेशबाट रु सात करोड ८८ लाख ४० हजार, गण्डकी प्रदेशबाट रु आठ करोड १८ लाख ७६ हजार, लुम्बिनी प्रदेशबाट रु नौ करोड ३८ लाख ६४ हजार, कर्णाली प्रदेशबाट रु एक करोड ५६ लाख ४५ हजार र सुदूरपश्चिम प्रदेशबाट रु दुई करोड ४२ लाख ८८ हजार सङ्कलन भएको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए ।

राजस्व रकम सबैभन्दा बढी काठमाडौं उपत्यकामा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको केन्द्रीय प्रहरी कार्यालयलको तत्थ्याङ्कमा उल्लेख छ । मादक पदार्थ सेवन गरी सवारी चलाउने, तीव्र गतिमा सवारी चलाउने, लेन अनुशासन कायम नगर्ने, क्षमताभन्दा बढी यात्रु राख्ने, जथाभावी पार्किङ गर्ने, तोकिएकोभन्दा बढी भाडा लिने, आवश्यक कागजात तथा सवारी चालक अनुमतिपत्र नभएका लगायतलाई कारबाही गरिएको हो ।

कारबाहीमा परेका सवारीसाधनमध्ये सबैभन्दा बढी मोटरसाइकल चार लाख ३२ हजार ९८ वटा रहेका पनि प्रहरी प्रधान कार्यालय नक्सालको तथ्याङ्कले देखाएको छ ।

**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**


महोत्तरी जिल्ला, पिपरा गा.पा. वडा नं. ७ घर भई हाल महोत्तरी जिल्ला, पिपरा गा.पा. वडा नं. ७ बस्ने श्री राम दयाल ठाकुरको छोराबुहारी, श्री हरि नारायण ठाकुरको पत्नी वर्ष ३९ को श्रीमती चन्दा देवी ठाकुरको मिति २०८०/१०/१० गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४३४०३६६५ मा भएको रकम भुक्तानी पाउँ भनी निज मृतकको पति श्री हरि नारयण ठाकुरले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबुत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुरी नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर–२, धनुषा
फोन ०४१–५९०२६१

जनकपुर टुडे

२०८० साल माघ २९ गते सोमबार (12 Feburary, Monday, 2024)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# आफ्नै जालोमा मेयर सिंह

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह आफ्नै जालोमा फसेका छन् । आफूले गर्दा कसैले न बुझ्ने र अरुलाई तनाव दिने प्रवृतिका वीरगञ्जका मेयर सिंह अन्ततः आफ्नो दुई श्रीमती रहेको स्वीकारेका छन्। आफ्नो छोरी रुवीना श्रेष्ठलाई नागरिकता बनाएको तर, सार्वजनिक रुपमा छोरी स्वीकार नगर्ने मनस्थितिमा रहेका मेयर सिंहको गोप्यता भने भंग भएको छ। वीरगञ्जका सामाजिक अभियन्ता तथा सामाजिक अगुवाहरुले उनी विरुद्ध सातवटा विभिन्न निकायमा उजुरी दिए पनि उनले भनेका थिए समय आएपछि सत्य बाहिर आउँछ र आज उनको सत्यता बाहिर समेत आएको छ। उनले कानुनी प्रक्रियालाई धेरै ठाउँमा ढाटेका छन्। मेयर सिंह मेयरमा निर्वाचित भएपछि निर्वाचन आयोगमा आफ्नो व्यक्तिगत विवरण पेस गर्दा त्यसमा आफ्नो एउटी श्रीमती र एउटा छोरा मात्र रहेको विवरण भरेका छन् तर, गृहमन्त्रालयले पठाएको टोली समक्ष आफ्नो दुईवटा श्रीमती रहेको स्वीकार गर्दा सत्य बाहिर आएको छ। कान्छी श्रीमतीले त आइतवार जिल्ला अदालतमा सम्वन्ध विच्छेदको मुद्दा समेत दर्ता गराएकी छन्। उनले पेश गरेको फिराद पत्रमा सिंह आफ्नो श्रीमान् रहेको यथेष्ट प्रमाणहरु पेश गरेकी छन्। मेयर सिंहले सरकारी कागजात केरकार समेत गरेका छन् । जिल्ला प्रशासन कार्यालयको कागजातमा समेत केरकार गरिएको छ । छोरी रुवीनालाई नागरिकता दिलाउन उनले रोजेको चोरबाटोमा आज उनी आफै फसेका छन् । सरकारी कागजात केरकार गरेको आरोपमा उनलाई कारवाही गर्नै पर्छ। मेयर सिंह मेयर रहेकै कारण उनलाई उन्मुक्ति दिनु हुँदैन्। ठूलालाई चैन र सानालाई ऐन भने लागु हुु हुँदैन् । नेपालको संविधानले निर्धारण गरेका अनुसार कानुनी प्रक्रिया अगाडि बढाइ कारवाहीको दायरामा ल्याउनै पर्छ। नत्र आगामी दिनमा यस्ता यस्ता नजिरले समाजमा ठूलै दुर्गन्ध फैलाउने छ र समाजलाई गलत बाटोमा डोऱ्याउने छ।

# भ्रष्टाचार नियन्त्रणमा सामूहिक प्रयासको खाँचो



प्रेमकुमार राई

"सुधारौँ सोच, संस्कार र व्यवहारः नियन्त्रण हुन्छ भ्रष्टाचार" भन्ने नाराका साथ आज अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३३ औँ स्थापना दिवस मनाइरहेका छौँ। यस दिवसले सुशासन कायम गर्दै भ्रष्टाचार नियन्त्रण गर्ने प्रतिबद्धताका साथ अगाडि बढ्ने सङ्कल्पलाई अझ बलियो बनाएको छ। आयोगले आफ्नो स्थापनाकालदेखि नै प्राप्त गुनासो र उजुरीउपर अनुसन्धान गरी भ्रष्टाचार भएको देखिएमा विशेष अदालतमा मुद्दा दायर गर्ने आफ्नो प्रमुख संवैधानिक जिम्मेवारी निर्वाह गर्दै राष्ट्रको आर्थिक र सामाजिक विकासमा निरन्तर योगदान पुऱ्याउँदै आइरहेको छ । यसका बावजुद देशमा सुशासनको अवस्थामा अपेक्षित सुधार हुन नसकेको गुनासो जनताको तहमा व्याप्त छ । भ्रष्टाचारविरुद्धको लडाईं आयोग एक्लैको मात्र होइन, यो एक बहुआयामिक विषय भएको हुँदा यसका लागि सामूहिक प्रयासको खाँचो छ। सुशासन स्थापनाका लागि हरेक नागरिक परिवर्तनको अभियन्ता बन्न सक्नुपर्दछ।

संघीयता कार्यान्वयनपश्चात् हालसम्मको अवधिमा तीनै तहका सरकारमा हुने विकास निर्माण, बजेट विनियोजन, अनुदान वितरण, सेवा प्रवाहजस्ता कार्यमा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, घुस/रिसवत लेनदेन गर्ने, गैरकानुनी लाभ लिने बदनियत राखेर काम गर्ने र गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी उल्लेख्य संख्यामा उजुरीहरू आयोगमा पर्ने गरेका छन्। सार्वजनिक खरिद तथा निर्माणको सन्दर्भमा प्रतिस्पर्धा सीमित गर्ने, बिना प्रतिस्पर्धा सोझै खरिद गर्ने, आयोजनामा पूर्व सम्भाव्यता अध्ययन, आवश्यकता र औचित्यताको पहिचान नगरी बजेट विनियोजन गर्ने, खरिद योजनाबिना नै खरिद कार्य गर्ने प्रवृत्ति रहेको छ। त्यसै गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबण्डा रकम राखी आर्थिक वर्षको बिचमा बाँडफाँड गर्ने, मिलेमतोमा आयोजना छनोट गर्ने, कार्यक्रम सञ्चालन नगरी भुक्तानी लिने/दिने, प्राकृतिक स्रोतसाधनको उपयोगमा मापदण्डको पालना नगरी दररेट तोक्ने, वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणमा निर्दिष्ट परिमाणभन्दा बढी अनियन्त्रित उत्खनन तथा दोहन गर्ने, कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पशुपन्छीलगायतका विषयगत क्षेत्रमा अनुदानको दुरुपयोग गर्ने, नियम, कानुन, कार्यविधि, मापदण्ड र नागरिक बडापत्रको पालना नगर्ने, सेवा प्रवाहमा बिचौलियाहरू प्रवेश गराई, सेवा अवरुद्ध गराई मिलेमतोमा अनियमितता गर्ने, आफूलाई तोकिएको कार्य समयमै पूरा नगर्ने, जिम्मेवारी र जवाफदेहिता नलिने, निर्णय नगरी थन्काएर राख्ने जस्ता प्रवृत्तिहरू देखिएका छन्।

यसैगरी कर्मचारी नियुक्तिमा मिलेमतो गर्ने, बिना आधार र मापदण्ड बढुवा गर्ने, सरकारी सवारीसाधन र इन्धनको दुरुपयोग गर्ने, पूर्ण वा आंशिक स्वामित्व भएका निकाय वा सङ्गठित संस्थाको नियमित लेखा परीक्षण नगराउने, असुलउपर र नियमित गर्नुपर्नेमा आलटाल गर्ने जस्ता प्रवृत्तिहरू समेत आयोगमा पर्ने उजुरीहरूबाट देखिएको छ । आयोगमा प्राप्त भूमि र जग्गासम्बन्धी उजुरीको छानबिन गर्दा निश्चित व्यक्ति र समूहलाई फाइदा हुने गरी कौडीको भाउमा सार्वजनिक, सरकारी र वन क्षेत्रको जग्गा ८९ वर्षसम्म व्यापारिक प्रयोजनका लागि लिजमा दिएको, हदबन्दी भन्दा बढी जग्गा जफत गर्नुपर्ने कानुनी व्यवस्था लामो समयसम्म कार्यान्वयनमा नआएको, सार्वजनिक, सरकारी, गुठी र वन क्षेत्रको जग्गा विभिन्न व्यक्ति, क्लब र स्वार्थ समूहले अतिक्रमण र कब्जा गरी निजी प्रयोजनका लागि उपयोग गरेकोमा जिम्मेवार निकायबाट अतिक्रमण रोक्ने कार्यमा अति उदासीनता देखाइएकोको छ। यसले सार्वजनिक र सरकारी सम्पत्ति संरक्षण हुन नसकेको, विद्यालय र स्थानीय तहहरूले आफूखुसी गैरकानुनी तवरले सरकारी, सार्वजनिक जग्गा निजी प्रयोजनमा बिक्री गर्ने प्रवृत्ति बढेको र सरकारी जग्गा गैर-कानुनी रूपमा व्यक्तिका नाममा दाखिल खारेज भएकोमा सो जग्गाको दुष्कृति सच्याउने काम हुन नसकेकोले सम्बद्ध जिम्मेवार निकाय र पदाधिकारी सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने कानुनी दायित्व निर्वाह गर्ने कार्यमा थप जिम्मेवार बन्नुपर्ने देखिएको छ।

सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउने नाममा नीति, कानुन, संरचना, जनशक्तिलगायतका आधारभूत पूर्वाधारसमेत तयार नगरी प्रतिस्पर्धा सीमित गरी सूचना प्रविधि र उपकरण खरिद गर्दा ठुलो लगानीको दुरुपयोग भएको भनी आयोगमा उजुरीहरू आइरहेका छन्। निर्मित पूर्वाधार तथा भौतिक संरचनाको समयोचित उपयोग, यस्ता पूर्वाधार निर्माणमा गुणस्तरको प्रत्याभूतिलगायतका विषयहरूको छानबिनको दायरालाई विस्तार गरी आफ्नो काम कारबाहीलाई अझ सक्रिय बनाउन आयोग गम्भीरतापूर्वक अघि बढिरहेको छ । आयोगमा प्राप्त उजुरीको छानबिन गर्दा सम्बन्धित मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्‌बाट नियुक्त हुने सार्वजनिक संस्थाका केही पदाधिकारी विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएका, अन्तिम अदालतबाट कसुरदार ठहरिई फरार सूचीमा रहेका, कानुन र मापदण्डबमोजिम तोकिएको योग्यता र अनुभव नभएका, किर्ते गरी अनुभवको प्रमाण पेश गरेका, सार्वजनिक छवि कमजोर भएका व्यक्तिलाई छनैट गरी नियुक्ति दिएको पाइएको छ । कतिपय सार्वजनिक निकायमा निश्चित व्यक्तिलाई नियुक्ति दिनकै लागि व्यक्ति लक्षित गरी प्रतिस्पर्धा सीमित हुने गरी नियुक्ति सम्बन्धी मापदण्ड र कार्यविधि संशोधन गर्ने प्रवृत्ति पनि बढ्दो क्रममा देखिएको छ।

सार्वजनिक संस्थाको कार्यसम्पादन सुधार गर्न स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट बजारमा उपलब्ध योग्य व्यक्ति वा समूहलाई व्यावसायिक क्षमता योग्यता र सुधार योजनाको आधारमा छनोट गरी सोही अनुरूपको कार्य वातावरण सिर्जना गरिदिनु जरुरी हुन्छ। नियुक्ति हुने व्यक्तिमा उच्च नैतिक चरित्र रहेको, स्वार्थको द्वन्द्व हुने अवस्था नरहेको र जबाफदेहिता र जिम्मेवारी पूरा गर्न सक्ने क्षमता रहेको विषयमा सरकार विश्वस्त हुनु पर्दछ तर सो अनुरूपको छनोट हुन सकेको छैन। यसरी नियुक्त भएका सार्वजनिक संस्थाका पदाधिकारीबाट भएका अधिकांश निर्णय, खरिद कार्य र काम कारबाहीहरूका विषयमा आयोगमा पर्ने उजुरी छानबिन गर्दा यस्ता उजुरीहरू सत्यतामा आधारित भएका तथा यस्ता पदाधिकारीका काम कारबाहीहरूबाट निश्चित स्वार्थ समूहलाई लाभ हुने र सार्वजनिक संस्थालाई गम्भीर हानी,नोक्सानी हुने किसिमले कार्य गरेको देखिएको छ। सार्वजनिक निकायमा देखिएका यस्ता विकृति र विसङ्गति तत्काल अन्त्य गरी मुलुकमा सुशासन प्रवर्द्धन तथा सरकारप्रतिको नागरिकको भरोसा अभिवृद्धि गर्न आयोग सबैमा अनुरोध गर्दछ।

मुलुकको आर्थिक समृद्धि र स्थायित्वका लागि अझ बढी काम गर्नुपर्नेमा बिना आधार, कारण भन्सार र राजस्वमा छुट दिने, राजस्व चुहावट गर्ने, चोरी निकासी पैठारी गर्ने, न्यून बिजकीकरण गरी राजस्व छली गर्ने जस्ता क्रियाकलापहरू नियन्त्रण गर्ने जिम्मेवारी लिएका निकाय र पदाधिकारीले आफ्नो कर्तव्य निर्वाह गर्न चुकेको अवस्था देखिन्छ। कानुन विपरीतका यस्ता क्रियाकलापमा संलग्न अधिकारीलाई कानुनी कारबाहीको दायरामा ल्याउन आयोग थप सशक्त रूपमा अघि बढ्ने नै छ। तीनै तहका सरकारबाट स्रोतको सुनिश्चितता र पर्याप्त पूर्वतयारी बिना ठेक्का लगाइएका कतिपय महत्वपूर्ण आयोजना तोकिएको समय र गुणस्तरमा सम्पन्न नहुने, आयोजना अलपत्र पर्ने तथा लागत र समय बढ्ने गरेको अवस्थामा समेत जिम्मेवार पदाधिकारी मुकदर्शक भएर बस्ने गरेको हुँदा समयमा नै किन काम पूरा भएन भन्नेसमेतका आधारमा त्यस्ता विषयमाथि अनुसन्धान अघि बढाइएको छ।

आवश्यकताको पहिचान बिना, लाभ-लागत विश्लेषण नगरी, सञ्चालन योजना समेत नबनाई अनावश्यक रूपमा संरचना निर्माण गर्ने, सामग्री, सफ्टवेयर, कच्चा पदार्थ, मालसामान, सवारीसाधन, यन्त्र उपकरण लगायत खरिद गर्ने, यस्ता वस्तुहरू प्रयोगविहीन अवस्थामा राख्ने र पुनः नयाँ खरिद तिर लाग्ने कार्य गर्दा यसबाट राज्य कोषमाथि अनावश्यक आर्थिक व्ययभार थपिने र स्रोतको दुरुपयोग समेत हुने गर्दछ। त्यसैले निर्माण र खरिद गर्नु पूर्व संरचना र उपकरणको सञ्चालन र उपयोगको सुनिश्चित हुने गरी सञ्चालन योजना तयार गरेर मात्र खरिद कार्य गर्न सम्बद्ध सरकारी निकायहरूले ध्यान दिन जरुरी छ। आयोजनाको विस्तृत अध्ययन गरी/गराई आर्थिक तथा वित्तीय, प्राविधिक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका र कानुनी प्रक्रिया पूरा भएका आयोजना मात्र आयोजना बैङ्कमा प्रविष्टि गर्ने, आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट आयोजनामा मात्र बजेट विनियोजन गर्ने, मध्यमकालीन खर्च संरचना र बजेटको तालमेल मिलाउने तथा तोकिएका कानुन, कार्यविधि र मापदण्डको पालना गर्ने विषयमा तीनै तहका सरकारहरू अझ गम्भीर हुनुपर्ने देखिएको छ।

उजुरीमा ठेक्का व्यवस्थापनको विषय छानबिन गर्दा पुष्टयाइँ बिना ठेक्काको म्याद थप गर्ने, सम्झौता बमोजिम गर्नुपर्ने पत्राचार समयमा नगर्ने, निर्णयमा ढिलाई गर्ने, कामको स्थलगत प्रगति अभिलेख र प्रतिवेदन नगर्ने, निर्माण व्यवसायीलाई समय-समयमा दिनुपर्ने निर्देशन नदिने, परामर्शदाता वा निर्माण व्यवसायीको कारण आयोजनामा हुने ढिलाइको अभिलेख उपयुक्त तरिकाले नराख्ने जस्ता कमजोरीका कारण ठेकेदारको तर्फबाट क्षतिपूर्तिको लागि दाबी पेश गर्दा राज्यले ठूलो नोक्सानी बेहोरिरहेको देखिएको छ। ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाई राज्यलाई क्षति हुने अवस्था आउन नदिन सम्बन्धित सार्वजनिक निकायको प्रमुख, आयोजना प्रमुख, ठेकेदार र परामर्शदातालाई कानून बमोजिम जिम्मेवार बनाउनुपर्ने हुन्छ।

बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन गर्ने र न्यूनतम् मापदण्ड नै नपुगेका आयोजनामा जथाभावी स्रोत सुनिश्चितता प्रदान गर्ने प्रवृत्तिले तीनै तहका सरकारहरूमा असीमित बजेटरी दायित्व सिर्जना भएको, अबण्डामा बजेट राखी बिना आधार कारण अनुत्पादक क्षेत्रमा खर्च गर्ने लगायतका विकृतिहरूका कारण समग्र वित्तीय सुशासन कमजोर भएको छ। अनुत्पादक क्षेत्रमा बजेट विनियोजन गर्ने तथा अनुदान वितरण गर्दा लाभग्राही पहिचान नगर्ने जस्ता कार्यहरू सार्वजनिक स्रोतको उपयोगमा अनुशासन, नियमितता र प्रतिफलसमेतको दृष्टिकोणबाट त्रुटिपूर्ण हुने हुँदा विधि र मापदण्डको पालनाका साथसाथै मितव्ययिता र उत्पादकत्वलाई समेत आधार मानी यस्ता कार्यलाई आयोगले गम्भीरतापूर्वक अनुसन्धानको दायरामा ल्याएको छ। पछिल्लो समय सूचना प्रविधिको उपयोगको विस्तार गरी सेवा प्रवाहलाई अनुमानयोग्य, सरल, सुलभ र व्यवस्थित बनाउने सरकारको प्रयासका बाबजुद यातायात, मालपोत, नापी, राहदानी, वैदेशिक रोजगार, अध्यागमन लगायतका सेवा क्षेत्रमा अझै पनि व्यापक जनगुनासो रहेको र आयोगमा यी विषयसँग सम्बन्धित उजुरी बढ्दो क्रममा रहेका छन्। आयोगले यी विषयहरूमा निगरानी तथा छानबिन गरिरहेको छ।

तीनै तहका सरकारबाट कानुनबमोजिम मन्त्रालय, विभाग, सचिवालय र विभिन्न प्रशासनिक तहबाटै निर्णय हुनुपर्ने प्रशासनिक कार्यहरूलाई समेत नीतिगत विषय भनी मन्त्रिपरिषद्‌बाट निर्णय गराउने विषयमा आयोगले धेरै पटक सम्बन्धित सरोकार निकायलाई सुझाव दिइसकेको छ। कानुनले जुन निकाय वा पदाधिकारीबाट निर्णय हुनुपर्ने व्यवस्था गरेको छ, सोही निकाय वा पदाधिकारीबाट नै उक्त निर्णयहरू हुने व्यवस्था मिलाउने सन्दर्भमा तीनै तहका सरकारले सुझबुझका साथ उपयुक्त नीति, विधि र पद्दतिको अवलम्बन गर्नुपर्छ। भ्रष्टाचार नियन्त्रण र सदाचार संस्कृति प्रवर्द्धनका लागि आयोगले उपचारात्मक रणनीतिका अतिरिक्त निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिसमेत अवलम्बन गरेको छ । आयोगले तीनै तहका सरकार, नागरिक समाज, नागरिक निगरानी संस्था, विद्यालय र सञ्चार जगतसँगको सहकार्यमा भ्रष्टाचारविरुद्धको सचेतना कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

आयोगले आफ्नो चौथो संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) को समीक्षाबाट पहिचान भएका सुधार गर्नुपर्ने विषय सम्बोधन गर्ने गरी पाँचौं संस्थागत रणनीतिक योजना तर्जुमा गरिरहेको छ । आयोगबाट मुलुकको सीमित स्रोत र साधनको अधिकतम परिचालन गरी उच्च नतिजा हासिल गर्न योजना छनौट, प्राथमिकीकरण तथा वर्गीकरण र बजेट तर्जुमाको कार्य वस्तुनिष्ठ, वैज्ञानिक र यथार्थपरक बनाउन, बजेट कार्यान्वयनको क्रममा गरिने सार्वजनिक खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन २२ बुँदे सुझावहरू दिइएको छ। विद्यमान ऐन, कानुन, नियम, कार्यविधि, मापदण्ड र निर्देशिकाहरूको पालना गर्नु सरकारका सम्बन्धित सबै निकाय र पदाधिकारीहरूको दायित्व हो । जिम्मेवार व्यक्तिहरूले आयोगको सुझाव देखाई आफ्नो जिम्मेवारी पन्छाउने, निर्णय नगर्ने, तोकिएको काम नगर्ने र कानुनी उत्तरदायित्व पुरा नगर्ने अवस्था आउनु हुँदैन। कर्मचारी र पदाधिकारीले कार्यसम्पादन गर्दा अनिवार्य रूपमा पालना गर्नुपर्ने कानुनी प्रावधानहरू पूर्ण परिपालना हुन नसकेको तथ्यलाई मध्यनजर गरी कमी कमजोरी सच्याउन कानुनी व्यवस्थाहरू पुनःस्मरण गराउने उद्देश्यले दिइएका उक्त सुझावहरूबाट विकास निर्माण, सेवा प्रवाह र सुशासनमा बाधा पुग्ने नभई सुशासन कायम गरी विकास निर्माणलाई थप नतिजामुखी बनाउन सकिने कुरामा आयोग विश्वस्त छ।

आयोगले छानबिन र अनुसन्धानको नाममा बाधा उत्पन्न गराएको, सक्कल कागजात नियन्त्रणमा लिएको, काम रोक्न आदेश दिएको जस्ता तथ्यहीन तर्कहरू आयोगका पदाधिकारीहरू सहभागी हुने गरेका विभिन्न छलफल र अन्तरक्रियामा उठेको विषयमा पनि आयोगको ध्यानाकर्षण भएको छ । आयोगले कुनै पनि उजुरीको छानबिनका क्रममा सक्कल कागजात मगाउने, काम रोक्का राख्न आदेश दिने, आयोजनामा बाधा पुऱ्याउने कार्य नगरेको र आगामी दिनमा समेत यस्तो कार्य हुने छैन।

नेपाल भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्र रहेको छ । यससम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजना एवम् सम्पत्ति शुद्धीकरण तथा आतंकवादविरुद्धको वित्तीय लगानी निवारण सम्बन्धी रणनीति र कार्ययोजना कार्यान्वयनमा समेत रहेका छन्। पारस्परिक कानुनी सहायता ऐन र सपुर्दगी ऐन जस्ता कानुन कार्यान्वयन भएपनि सम्बन्धित देशहरूसँग द्वीपक्षीय संम्झौता हुन नसक्दा मुलुकबाहिर हुने भ्रष्टाचारजन्य लेनदेनका विषयमा पारस्परिक कानुनी सहायतामार्फत आवश्यक तथ्य र सूचना संकलन गर्न समस्या देखिएकोले यथाशीघ्र आवश्यक मुलुकहरूसँग द्वीपक्षीय संम्झौता गर्नुपर्ने देखिएको छ। भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिका प्रावधान र सङ्घीयतासमेतको सन्दर्भ समेटिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐनको संशोधन विधेयक लामो समयदेखि संसदमा विचाराधीन रहेकोमा उक्त विधेयकहरू यथाशीघ्र पारित हुन आवश्यक छ।

ट्रान्सपरेन्सी इन्टरनेशनलको हालै प्रकाशित भ्रष्टाचार अनुभूति सूचकाङ्कमा गतवर्षभन्दा एक अङ्क बढेर नेपालको अवस्थामा सामान्य सुधार भएको छ। ५० भन्दा कम अङ्क प्राप्त गर्ने मुलुक भ्रष्टाचारको उच्च जोखिमयुक्त मुलुकमा गणना हुनेमा नेपालको अङ्क ३५ मात्र हुनुले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा नेपालले अझै निकै सङ्घर्ष गर्नुपर्ने देखिएको छ । तीनै तहका सरकारमा कार्यकारी भूमिकामा रहने राजनैतिक पदाधिकारी, राष्ट्रसेवक कर्मचारी र आम नागरिकमा यसप्रतिको दायित्वबोध नहुन्जेल भ्रष्टाचार नियन्त्रणमा आशातीत सफलता हासिल गर्न सकिने छैन।

आयोगमा प्राप्त हुने उजुरीलाई तथ्य र प्रमाणका आधारमा छानबिन अनुसन्धान गरी अभियोजनसम्म गर्न कार्यालय स्वचालन प्रणाली प्रयोग गरिएको छ । भ्रष्टाचार नियन्त्रणका लागि प्रत्येक सचेत नागरिकले पनि भ्रष्टाचारको विषयमा तथ्यपरक सूचना उपलब्ध गराई भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउनु पर्दछ। सदाचार पद्दतिको विकास र भ्रष्टाचारविरुद्धको शून्य सहनशीलताको नीतिलाई मूर्त रूप दिनका लागिसबैको सहकार्य, साझेदारी, समन्वय, सक्रियता र सहयोग रहने विश्वास छ। (अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त राईले आयोगको ३३ औं स्थापना दिवसको अवसरमा आयोजित समारोहमा व्यक्त गर्नुभएको मन्तव्यको सम्पादित अंश)

# पानी-चक्रले बिथोलिंदै खेतीपाती



कृष्णप्रसाद पौडेल

अहिले हाम्रो खाद्य तथा कृषि प्रणाली सबैतिरबाट संकटले घेरिएको छ। यो कृत्रिम रसायन मल, विषादी, हर्मोन र प्लाष्टिकले आक्रान्त छ। माटोको मरुभूमिकरण बढिरहेको छ भने उत्पादकत्व निरन्तर घटिरहेको छ। कृषि बजार नाफाखोर दलालको कब्जामा छ। किसानले खेती गरेर उत्पादन लागत समेत पाउन सकेका छैनन्।

नेपाली उत्पादनको बजार अन्य देशको प्रतिस्पर्धी कृषि उत्पादनले खोसेको छ। आयात र किसानका स्थानीय उत्पादनको बजार नियमन गर्नुपर्ने राजनैतिक तथा प्रशासनिक नेतृत्व यसको मूकदर्शक बनेको छ।

हामी एकातिर मान्छे बेच्ने देशमा नाम दर्ज गराउँदै विप्रेषणको खेती भित्र्याउँदै छौं भने अर्कोतर्फ यसैबाट आएको आम्दानीले हाम्रो खाना र घरबार चलेको छ। लाग्छ, नेपाली राज्यसत्ता निरीहता, निकम्मापन र पाखण्ड कोरल्न ओथारो बसेको छ।

विकासे हुन गरिएको प्रदूषण, वातावरणीय ह्रास र समग्र प्रकृतिको उत्ताउलो विनाशसँगै थपिँदै गएका वातावरणीय संकटमा हावा, माटो, घामपानी र जैविक सन्तुलनमा आएको फेरबदलको प्रभाव सतहमै आएका छन् । यो क्रम निरन्तर बढिरहेको छ । यस्ता फेरबदलमध्ये धेरै मानिसका आफ्नै उत्ताउला कर्मले प्रकृति र जलवायुमा भइरहेका परिवर्तन हुन्। तीमध्ये विलाउँदै गरेको हिउँदे झरी एक हो।

हिउँदे झरी हाम्रो भूगोलको वार्षिक पानी चक्रको एउटा महत्वपूर्ण अंश हो। यो झरीसँगै यस भूभागमा समग्र प्राणीको वार्षिक खानाको बन्दोबस्त गर्ने प्राकृतिक व्यवस्था सुरु हुन्छ। मध्य हिउँददेखि नै सूर्य उत्तरतर्फ ढल्किन सुरु गर्छ।

यसको लगत्तै सुरु हुने बसन्तसँगै सूर्यको ताप र हिउँदे झरीको चिस्यानले बोट-बिरुवाका पालुवा पलाउन, फूल फुल्न, बीउ उम्रन माटोमा हुने सूक्ष्म जैविक प्रक्रिया सुरु हुन्छ। माटोमा चाहिने यस्तो चिस्यानको बन्दोबस्त माघे झरीले सम्भव बनाउँछ। यो नै उत्तरी गोलार्द्धको सबै प्राणी जगतको खानाको व्यवस्था मिलाउने प्राकृतिक प्रणाली हो।

हिउँदे झरी वर्षायाममा जस्तो बंगालको खाडीबाट उत्पन्न हुँदैन। यो झरी भूमध्यसागर र अरबसागरबाट उत्तरतर्फ लाग्ने बादल नेपालको हिमालको चिसोमा ठोक्किएर हुने गर्छ। यो हाम्रो समग्र भूभागको हिउँदे खेतीपातीका लागि चाहिने पानीको मुख्य स्रोत हो।

यो नेपालको पश्चिम क्षेत्रबाट नेपालमा प्रवेश गर्ने हुँदा तुलनात्मक रूपमा सुख्खाग्रस्त उत्तर-पश्चिम नेपालको लागि अत्यधिक महत्वको पानी चक्र समेत हो। वर्षात्मा पानी कम पर्ने क्षेत्र भएको र हिउँदमा झरी समेत नहुँदा यो क्षेत्र छिट्टै खडेरीको चपेटामा पर्ने गरेको अनुभव छ।

**कता विलायो झरी ?**

नेपालमा हिउँदका ३ महिनामा सरदर २०, २१ दिन वर्षा हुने गरेको तथ्याङ्क छ। हिउँदभरिमा ३-४ पटकसम्म हुने यस्तो झरी केही वर्ष अघिसम्म माघ महिनामा ८-१० दिनसम्म हुने गर्थ्यो। पछिल्ला केही वर्षमा ठाउँ हेरी ८-१० दिन मात्र हिउँदे झरी हुने गरेको थियो। तर गत वर्ष यस्तो झरी एक दिनमा टऱ्यो भने यो वर्ष हिउँद सकिनै लाग्दा पश्चिम नेपालमा केही पानी परेको छ।

वर्षा मापन गरिएका सरदर तथ्याङ्कले समेत हिउँदे झरी घट्दै गएको देखाउने गरेको छ। तथ्यांकले विगत पाँच दशकमा सरदरमा वार्षिक हिउँदे झरी २० प्रतिशतले घटेको देखाउँछ भने गएको दुई दशकमा निरन्तर कम हुँदै गएको छ।

यसबाट सजिलै भन्न सकिने कुरा के हो भने हिउँदे झरी निरन्तर घट्ने क्रममा छ। हुनत हिउँदे झरीको अनुभव भौगोलिक क्षेत्र, धरातल र यसको अवस्थिति अनुसार फरक फरक हुने गर्दछ।

केही महिना अघि मात्र जल तथा मौसम विभागले यस वर्ष पर्याप्त हिउँदे झरी हुने प्रक्षेपण गरेको थियो। तर पानी पर्ने छाँट नदेखेपछि यसलाई सच्याउँदै यस्तो प्रक्षेपणको समीक्षा गरिने जनाएको थियो। यस्तो समीक्षा गर्ने भनेको के हो भनेर धेरै स्पष्ट नभए पनि यस वर्ष हिउँदे झरी नहुनुको कारणबारे यसका विज्ञहरू समेत अलमलमा भएको तर्फ इङ्गित गर्छ। यसको सोझो अर्थ के हुन्छ भने परम्परागत रूपमा गरिने गरेको प्रक्षेपणका आधारहरूमा मात्र अब धेरै भर पर्न नसकिने भएको छ। यो कुराले हाम्रो जस्तो आकासे पानीका भरमा खेती गर्नुपर्ने किसानका लागि थप जोखिमको सन्दर्भ हो।

हिउँदे मात्र होइन भदौरे झरी समेत विलाउँदै गएको छ। यी झरी अहिले कता र किन विलाए ? सबैतिर चासो बढेको छ। जलवायुमा आएको परिवर्तन एउटा महत्वपूर्ण कारक हो भन्न भने कठिन छैन।

खासगरी, आधुनिक हुन भन्दै हामीले प्रोत्साहन गरेको खनिज ऊर्जामा आधारित भौतिक विकास, प्रकृतिको अति दोहन, उत्पादन केन्द्रित खनिज ऊर्जा, कृत्रिम रसायन र विषादीमा आधारित एकल र सफा खेती प्रणालीले हरित ग्याँस उत्सर्जन, तापक्रम वृद्धिका साथै पानी चक्रमा अनिश्चितता बढेको छ।

वर्षा मौसममा उखरमाउलो गर्मी हुन थालेको छ भने हिउँदमा चिसो बढ्ने क्रम तीव्र छ । हिमालमा हिउँ जम्न छोडेको छ। उल्टै यो पग्लिने क्रम तीव्र छ। एशियाकै पानीको मूल स्रोत मानिएको हिमाल पग्लिंदा सबैभन्दा छिटो यसको असर हाम्रा नदी प्रणालीमा परेको छ । यसले नेपालको विकासको प्राथमिक क्षेत्र भनिएको जलविद्युत् समेत प्रभावित हुन थालेको छ।

हिउँदे मात्र होइन भदौरे झरी समेत विलाउँदै गएको छ। यी झरी अहिले कता र किन विलाए ? सबैतिर चासो बढेको छ। जलवायुमा आएको परिवर्तन एउटा महत्वपूर्ण कारक हो भन्न भने कठिन छैन।

महाभारत शृृ लामा पानीको पूर्ण पुनः भण्डारण नभएको धेरै वर्ष भइसक्यो । यसका कारण हिउँद लाग्दा नलाग्दै पानीका मुहान सुकेका छन् । धेरै खोला खोल्सामा हिउँदमा पानी नभएको वर्षौं भएको छ । यसको प्रभावले पहाडमा कतै बस्ती नै खाली भएका छन्, कतै खेतीयोग्य जमिन बाँझै पल्टेका छन् भने चुरे भावर र तराईमा जलस्रोतको अभावसँगै मरुभूमिकरणको जोखिम बढेको छ।

यी सबैको जैविक र वातावरणीय सन्तुलनमा गहिरो प्रभाव परेको छ। स्थानविशेषमा यसको मसिनो लेखाजोखा भइनसके पनि पानी विना जैविक प्रक्रिया हुँदैन । पानीको अभावमा मानिस मात्र हैन सबै जीव बसाइँसराइ गर्न बाध्य हुन्छन्। यसले समग्र जैविक प्रक्रिया खल्बलिन्छ । पानी घट्दै जाँदा हाम्रो आफ्नै खानाको बन्दोबस्तमा पर्ने दूरगामी प्रभाव यसैबाट समेत आकलन गर्न सकिन्छ।

बढिरहेको तापक्रम, अप्रत्याशित र प्रक्षेपण गर्न समेत नसकिने गरी पानी चक्रमा आएको फेरबदल र जैविक विविधताको उत्ताउलो दोहनले वातावरणीय तथा खाद्य संकट चुलिंदै गएको छ। यी कुरालाई समयमै सम्बोधन गर्न नसके आगामी दिनहरू थप संकटग्रस्त हुँदै जाने कुरा आकलन गर्न कठिन छैन।

खासगरी, नेपालमा हिउँ पग्लिने र हिउँदे खडेरीसँगै बढ्ने खाद्य अभाव आम किसान समुदायको जीवनपद्धतिको प्रमुख चुनौतीको रूपमा देखा परिरहेको छ । हुनत यो हाम्रो मात्र चुनौती होइन । दक्षिण एशिया नै विलाउँदै गएको झरीबाट प्रभावित छ।

यो कुरा विश्व जलवायु सम्मेलन, विश्व खाद्य सम्मेलन, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मञ्च र संयुक्त राष्ट्रसंघमा समेत चासोका साथ उठ्ने गरेको छ । यसको सम्बोधनमा देशीय, क्षेत्रीय र विश्वव्यापी प्रयास समेत भइरहेका छन्। तर हाम्रोमा भने यस्ता प्रयासहरू गोष्ठी, भेला र कागजमा धेरै र अभ्यासमा नगन्य मात्रामा भएका छन् । यस्तो हुनुमा नीतिनिर्माता, योजनाविद् र बौद्धिक जमातको विषयको गम्भीरता माथि विवेक नपुग्नु हो । सँगै, नागरिक समाज र अभियानको समेत उपयुक्त दबाब पुगेको छैन। यसलाई सम्बोधन गर्न नेतृत्व गर्नुपर्ने राजनैतिक नेतृत्व सत्ताका वरिपरि भागबन्डामा बरालिएको छ भने स्थायी सरकार अनिर्णयको बन्धक भएको छ।

**अब के गर्ने होला ?**

यी सबै कुराले हिउँदमा झरी विलाउँदै जाँदा हाम्रो समग्र जैविक प्रणालीमा गडबडी आएको छ र थपिने क्रम जारी छ। योसँगै, मूलतः आकासे पानीमा भर परेको नेपालको कृषि प्रणाली थप तहसनहस हुँदै जाने देखिन्छ। मिचाहा प्रजाति, रोग कीराको प्रकोप बढेको छ । वस्तुभाउको चरन, खर्क र घाँस मात्र हैन प्रजनन् क्षमता र उत्पादकत्व समेत घट्दै गइरहेको छ । जैविक गुण, प्रजाति र जैविक क्षेत्र सबै तहमा जैविक विविधताको व्यापक ह्रास भएको छ।

यी सबै कुराबाट धेरै नै प्रभावित हामी नेपाली धेरै सामाजिक, सांस्कृतिक र वातावरणीय जटिलताबाट गुज्रिरहेका छौं। यी सबै कारणहरूले हावा, पानी, माटो र मानव स्वास्थ्यमा संकटहरू थपिंदै गएका छन्। हिउँदे झरी विलाउन थालेसँगै नेपालको हिउँदे र बर्खे दुवै खेतीपाती साथै जैविक विविधताको व्यापक ह्रास भएको छ।

खासगरी, चैते धान, गहुँ, जौ, फापर, हिउँदे आलु, गेडागुडी र तेल बाली उत्पादनमा व्यापक असर परिरहेको छ। वस्तुभाउको उत्पादन धेरै नै प्रभावित भएको छ। खेती प्रणाली र पानी चक्रको अन्तरसम्बन्ध पुनर्स्थापित गर्न नसके यसले थप अन्योल र जोखिम बढाउनेछ। त्यसै त खेतीपाती थाम्न नसकेर पलायन भइरहेको किसान समुदायले यस्तो जोखिम लिनसक्ने कुरा आउँदैन। साथै भविष्यमा यस्ता जोखिम थप बढ्नेछन्। यसले खाद्य चुनौती थप जटिल हुनेछ।

जलवायु, वातावरणीय र मानव स्वास्थ्य संकटहरूको सम्बोधन गर्न खेतीपातीका साथै विकासका अन्य आयामलाई प्रकृतिसम्मत दिगो विकासको दृष्टिकोण र ढाँचा पुनर्निर्माण गर्न आवश्यक देखिएको छ।

विलाउँदै गएको हिउँदे झरीलाई पानी-चक्रमा आएको महत्वपूर्ण फेरबदलको रूपमा लिएर नेपालको कृषि तथा खाद्य प्रणालीको दृष्टिकोण र ढाँचामा तत्कालै फेरबदल गर्नुपर्ने भएको छ । यसो नगरे अहिले अपनाइएको हरित क्रान्तिमा तथाकथित आधुनिक कृषि प्रणालीको जैविक कृषि प्रणालीमा रूपान्तरण गर्ने संक्रमणकालीन र दीर्घकालीन ढाँचा तत्कालै बनाउनुपर्नेछ । तत्काले विलाएको हिउँदे झरीको प्रभावको आकलन गरी यसलाई सम्बोधन गर्न ढिलाइ गर्न हुँदैन।

यसका साथै सामाजिक तथा भौतिक विकासका सबै आयामको वस्तुनिष्ठ समीक्षाका आधारमा परिमार्जन गर्ने अठोट अपरिहार्य भएको छ। दीर्घकालीन रूपमा प्रकृतिसम्मत खाद्य प्रणालीका साथै दिगो विकासका मापदण्ड विना शर्त लागू गर्नुको अर्को कुनै विकल्प छैन । खासगरी, परिवर्तित सन्दर्भमा खाद्य सम्प्रभुताको दृष्टिकोण र ढाँचामा आधारित दिगो कृषि प्रणालीको पुनर्निर्माण गर्न भइरहेको ढिलाइले समग्र खेती तथा खाद्य प्रणालीमा थप प्रतिकूल प्रभाव परिरहेको छ भन्ने बुझाइमै सबै तहमा स्पष्टता चाहिएको छ।

अर्को अर्थमा; जलवायु, वातावरणीय र मानव स्वास्थ्य संकटहरूको सम्बोधन गर्न खेतीपातीका साथै विकासका अन्य आयामलाई प्रकृतिसम्मत दिगो विकासको दृष्टिकोण र ढाँचा पुनर्निर्माण गर्न आवश्यक देखिएको छ। यसका लागि विकासको दृष्टिकोण र ढाँचा, स्थानीय पर्यावरणीय विशेषता, पानी चक्र, कृषि जैविक विविधताको बुझाइलाई उन्नत बनाउँदै प्रभावकारी नीतिगत हस्तक्षेप बढाउन सबै तहमा उच्च नैतिक बल चाहिएको छ।

अन्त्यमा, अनुहारमा लागेको दाग ऐना पुछेर हटाउने सपनामा अभ्यस्त हाम्रो समाजको नेतृत्व वर्गले यी सबै कुराको आत्मबोध गरी यस्तो दूरगामी प्रभाव सच्याउन निर्णायक बाटो पहिल्याउन कति जमर्को गर्ला ? यसैमा निर्भर हुनेछ हाम्रो अनिश्चित भविष्यको नियति !

# राजनीतिक प्रतिवद्धता पहिलो प्रस्थान विन्दु : राष्ट्रपति

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले भ्रष्टाचार नियन्त्रणका लागि दृढ राजनीतिक प्रतिवद्धता पहिलो प्रस्थान विन्दु भएको बताएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३औँ स्थापना दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रमलाई सम्बोधन उनले भ्रष्टाचार न्यूनिकरणका लागि सार्वजनिक निकायमा पारदर्शीता जरुरी रहेको उल्लेख गरे ।

"शासन प्रणाली जति पारदर्शी र जवाफदेही हुन्छ भ्रष्टाचार न्यूनीकरणको सम्भावना त्यति नै हुने भएकाले सार्वजनिक निकायका हरेक काम, कारबाही र निर्णय पारदर्शी हुनुपर्छ भन्ने कुरामा सबैको ध्यानाकर्षण गराउन चाहन्छु", उनले भने, "नेपाली जनताको ठूलो बलिदान र सङ्घर्षबाट ल्याएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मर्म र भावना पनि यही हो ।"भ्रष्टाचार र भ्रष्ट प्रवृत्तिले राष्ट्रको विकास र उन्नतिमा अवरोध सृजना गर्ने उनको भनाइ थियो । उनले भ्रष्टाचार र भ्रष्ट प्रवृत्तिले राष्ट्रको नैतिक धरातल भासिदै जाने र राष्ट्रियता नै कमजोर बन्न पुग्नेमा चिन्ता पनि प्रकट गरे ।

राष्ट्रपति पौडेलले भने, "भ्रष्टाचार र भ्रष्ट प्रवृत्तिले राष्ट्रको विकास र उन्नतिमा अवरोध सृजना गर्नेमात्र होइन राष्ट्रको नैतिक धरातल भासिदै जान्छ र यसले राष्ट्रियता नै कमजोर बन्न पुग्ने हुनजान्छ ।"विद्यमान कार्य संस्कृतिमा परिवर्तन पनि भ्रष्टाचार नियन्त्रण गर्ने एउटा प्रभावकारी पक्ष हुन सक्ने उनको सुझाव थियो । राष्ट्रपति पौडेलले अख्तियारले अनुसन्धान र मुद्दा दायर गर्दा आग्रह पूर्वाग्रहरहित भएको सन्देश प्रवाह हुनुपर्नेमा जोड दिए ।



जनमुखी विकासबाट नागरिकमा सकारात्मक सन्देश जाने र प्रशासनिक क्षेत्रलाई पनि सोहीअनुरुप चुस्त र दुरुस्तरुपले अघि बढ्न मद्दत मिल्ने बताए । प्रकृति मानिसका आवश्यकता पूरा गर्न सक्षम छ तर मानिसको लोभ पूरा गर्न सक्षम छैन भन्ने पूर्वीय दर्शनको मान्यतालाई अनुसरण गर्नु आजको आवश्यकता भएकोमा उनले जोड दिए ।

> "राष्ट्रपति पौडेलले अख्तियारले अनुसन्धान र मुद्दा दायर गर्दा आग्रह पूर्वाग्रहरहित भएको सन्देश प्रवाह हुनुपर्नेमा जोड दिए ।

राष्ट्रपति पौडेलले सुशासन लोकतन्त्रको प्राणवायु हो भन्दै मुलुकमा उपलब्ध प्राकृतिक, मानवीय र सांस्कृतिक सम्पदाहरूको उपयोग र सुदृढीकरण गर्दै आर्थिक समृद्धि तथा सामाजिक न्याय हासिल गर्न भ्रष्टाचार नियन्त्रण अनिवार्य सर्त हो भने ।"हाम्रो अन्तर्राष्ट्रिय प्रतिबद्धता, संवैधानिक दायित्व, आयोगले तयार गरेको संस्थागत रणनीतिक योजना र नागरिकको अपेक्षाका लागि लोकतन्त्रको मूल्यमान्यताअनुरुप हामी सबैले मुलुकको हित र कल्याण तथा अन्तर्राष्ट्रिय छविको लागि आफ्नो जीवनशैलीलाई सरल, इमान्दार, पारदर्शी र सदाचारयुक्त बनाउन आवश्यक छ", उनले भने ।

राष्ट्रपति पौडेलले आयोगले आफ्नो कार्यसम्पादन र भ्रष्टाचारका उपर अनुसन्धान छानविन गर्ने क्रममा साना प्रकृतिका कसुरदारका मात्र होइनन् बरु ठूला प्रकृति र कसुरदारको पहिचान गर्न र जतिसुकै ठूला व्यक्ति भए पनि उनीहरूलाई कानुनको दायरामा ल्याउन पछि पर्न हुन्न भन्ने आम नागरिकको मत ध्यानमा राख्न सुझाव दिए ।

उनले मुलुकमा भ्रष्टाचारविरुद्ध जागरण आउनेछ र विश्वस्तरीय भ्रष्टाचार सूचकाङ्कमा नेपालकोस्तरमा क्रमशः सुधार हुने विश्वास व्यक्त गरे । साथै, तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चारजगतलगायत प्रत्येक नागरिकलाई भ्रष्टाचारविरुद्धको अभियानमा सक्रियतापूर्वक सहभागी भई हातेमालो गर्नसमेत उनले आव्हान गरे ।

"मुलुकको नीति र कानुन निर्माण, विकास व्यवस्थापन र नागरिकको आधार भूत सेवा प्रवाहमा संलग्न अख्तियार प्राप्त अधिकारीलाई प्रचलित नीति र कानुनबोजिम निर्धक्कसाथ विवकेशील निर्णय र कार्यसम्पादन गर्न अनुकूल वातावरणको सृजना गर्नुपर्ने चुनौतीसमेत यस आयोग तथा सम्बन्धित निकायका सामु देखापरेको छ", राष्ट्रपति पौडेलले भने ।

## लक्ष्यअनुरुप राजस्व सङ्कलन गर्न अर्थमन्त्री डा महतको निर्देशन



टुडे समाचारदाता

झापा । अर्थमन्त्री डा प्रकाशशरण महतले काँकरभिठ्ठा, भद्रपुर भन्सार कार्यालय र आन्तरिक राजस्व कार्यालय भद्रपुरको निरीक्षणसँगै वर्तमान अवस्थाको जानकारी लिएका छन् ।

दमक उद्योग वाणिज्य सङ्घले आइतबारदेखि सुरु गरेको १५ दिने पाँचौं दमक महोत्सवको उद्घाटन गर्न झापा आएका अर्थमन्त्री महतले भन्सारको निरीक्षणसहित व्यवसायीहरुसँग भेटघाट गरेका हुन् । निरीक्षणपछि मेची भन्सार कार्यालयमा आयोजित कार्यक्रममा उहाँले दुवै भन्सार कार्यालयलाई मासिक रुपमा कार्यालयले लिएको लक्ष्यअनुरुपको राजस्व सङ्कलन गर्न निर्देशन दिए ।

उनले सीमा क्षेत्रबाट हुने चोरी, पैठारी नियन्त्रणका लागि भन्सार कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राजस्व कार्यालयलाई एकताबद्ध भएर कडाइका साथ लाग्न आग्रह गरे । "राजस्व घटेमा देशको आम्दानीको स्रोत घट्छ", अर्थमन्त्री महतले भने, "राजस्व घटेमा शिक्षा, स्वास्थ्यलगायत सार्वजनिक क्षेत्रमा लगानी गर्नुपर्ने ठाउँमा सरकारले लगानी गर्न सक्दैन । राजस्व चुहावट रोक्न सबै क्षेत्र क्रियाशील बन्नुपर्छ ।"

उनले मेची भन्सार मुलुककै महत्वपूर्ण भन्सारमध्ये एक रहेको बताए । उनले एशियन राजमार्गको विस्तारसँगै यसको महत्व झन् बढ्ने बताउँदै व्यवसायीलाई समेत निराश नहुन आग्रह गरे । सो अवसरमा मेची भन्सार कार्यालयका भन्सार अधिकृत रामप्रसाद रेग्मीले विगतको तुलनामा राजस्व सङ्कलन कम हुँदै गएको, मुख्य नाका भए पनि काँकरभिठ्ठा मन्त्रालयबाट छाँयामा परेको बारेमा अर्थमन्त्री डा महतको ध्यानाकर्षण गराएका थिए ।

निरीक्षणका क्रममा भद्रपुर भन्सार कार्यालयको भौतिक संरचना अझै निर्माण हुन नसकेको र अधिग्रहण गर्न लागेको जग्गाको बाँकी रहेको मुआब्जा रकम तत्काल उपलब्ध गराइदिने भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेल, उद्योगी तथा व्यवसायीले अर्थमन्त्रीसँग माग गरेका थिए ।

## 'खुला सीमा भनेको नियमन नगर्ने भन्ने होइन'



टुडे समाचारदाता

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपाल र भारतबीचको खुला सिमाना बन्द गर्न सकिन्छ भन्नेमा आफू नरहेको तर त्यसको आशय द्विदेशीय सिमा क्षेत्रमा अनुगमन नै नगर्ने भन्ने होइन भनेका छन् ।

प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको आइतबारको बैठकमा सदस्यहरुको जिज्ञासाको जवाफमा मन्त्री श्रेष्ठले खुला सीमा भनेको नियमन नगर्ने भनेको होइन भने । उनले भने, " खुला हुनुको अर्थ नियमन गर्नेमा ध्यान नदिने भन्ने होइन । कूटनीतिक तहमा कुराकानी गरेर समाधान गरिनुपर्छ । हामी कुराकानी गर्दैछौँ ।"सरकारले एक पक्षीयरुपमा यस विषयमा निर्णय नगरी भारतसँग कूटनीतिक वार्ताको माध्यमबाट निष्कर्षमा पुऱ्याउने बताए । सांसदले सीमा नियमनबारे उठाएका विषयलाई गम्भीर रुपमा लिएको बताए । गृहमन्त्रीले भने,"

खुला बोर्डर भनेको सिमा नाका प्रवेशमा जाँच गर्न नसकिने भन्ने होइन । एकीकृत सुरक्षा जाँच चौकीमा यता आउनेको नेपाले र उता जानेको भारतले दर्ता गर्ने प्रणाली बसाल्न सकिन्छ । " उपप्रधानमन्त्री श्रेष्ठले सीमा क्षेत्रमा हुने आपराधिक गतिविधिलाई रोक्न आवतजावत गर्ने व्यक्तिसँग परिचय माग्ने विषय दुवै देशको राष्ट्रिय स्वार्थ र हितमा हुने बताए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा केही दिन अघि नेपाल प्रहरी र अध्यागमन कार्यालयका कर्मचारीसँग जोडिएको द्वन्दको घटना भएको बताउँदै उनले तत्कालै छानबिन समिति गठन गरी प्राप्त प्रतिवेदन कार्यान्वनको चरणमा रहेको जानकारी दिए । उनले भने, "घटनापछि केही अन्तरनिहित कारण भएपनि सुशासनको अभियान अर्न्तगत अध्यागमन सुधारको कारवाही अघि बढिरहेको पृष्ठभूमिका उक्त घटना भएको छ ।"

भौतिक संरचनाको अभावकाकारण त्यहाँ अध्यागमनका कर्मचारी कुनै कारण बाहिर निस्केपछि प्रवेशका लागि फेरि सम्पूर्ण पूर्ववत् जाँच प्रक्रियामा सामेल हुनुपर्ने बाध्यात्मक अवस्था रहेको बताउँदै उनले व्यावसायिक आचार पालना नभएका कारण घटना भएको उल्लेख गरे ।

गृहमन्त्री श्रेष्ठले कर्मचारीलाई प्रशिक्षण दिएर मात्र कार्य जिम्मेवारी दिने, मापदण्डका आधारमा मात्र कर्मचारी व्यवस्थापन गर्ने, आधुनिक अध्यागमन प्रणालीको विकास गर्ने तथा 'भिजिट भिसामा'हुँदैआएको मिलोमतो सञ्जाल अन्त्य गरिने प्रतिबद्धता व्यक्त गरे । गृहमन्त्रीका अनुसार, त्यसमा संलग्न बिचौलिया, अध्यागमनका कर्मचारी, प्रहरी, ट्राभल एजेन्सीका केही कर्मचारी पक्राउ गरिएको छ । शक्ति सन्तुलनका हिसाबले सरकार राज्यको कार्यकारी अङ्ग भएकाले न्यायलयबाट हुने निर्णयलाई हस्तपेक्ष गर्न नमिल्ने बताउँदै उनले केही विषयमा अदालतले दुई दिनभित्र अनुसन्धान सक्न दिएको निर्देशनको समीक्षा गर्ने बेला आएको बताए । यद्यपि न्यायालयप्रति राज्यको अटुट आस्था एवं सम्मान रहेको दोहोऱ्याए ।

> भुटानी शरणार्थीसहित भ्रष्टाचार र अनियमितासँग जोडिएरका जोकोहीलाई पनि अनुसन्धान प्रक्रियामा ल्याइने दृढता व्यक्त गर्दै उपप्रधानमन्त्री श्रेष्ठले तथ्य र प्रमाणका आधारमा पुष्टि नभएसम्म कसैलाई पनि दण्ड गर्न नसकिने बताए । उनले गृहमन्त्रालय मातहतका सबै निकायको सुधार कार्य तीव्र रुपमा अघि बढाइएको बताए ।

भुटानी शरणार्थीसहित भ्रष्टाचार र अनियमितासँग जोडिएरका जोकोहीलाई पनि अनुसन्धान प्रक्रियामा ल्याइने दृढता व्यक्त गर्दै उपप्रधानमन्त्री श्रेष्ठले तथ्य र प्रमाणका आधारमा पुष्टि नभएसम्म कसैलाई पनि दण्ड गर्न नसकिने बताए । उनले गृहमन्त्रालय मातहतका सबै निकायको सुधार कार्य तीव्र रुपमा अघि बढाइएको बताए ।गृह मन्त्रालयका सचिव दिनेशकुमार भट्टराईले भुटानी शरणार्थीलाई मानवीयताका आधारमा सरकाले आश्रय दिएको बताए ।

उनले भने, "चीनतिरको परम्परागत नाका खोल्नका लागि पत्रचार भएको छ । प्रमुख जिल्ला अधिकारीबाट आवतजावतका लागि परिचयपत्र जारी गरिएको छ । त्यस सन्दर्भमा सुरक्षासँग सम्बन्धित विषयमा सुझाव प्राप्त भएको छ ।" यसअघि सदस्यहरुले नेपाल- भारत सीमा खुला गरिँदा राष्ट्रिय सुरक्षामा चुनौती खडा गर्ने भएकाले नियमन गरिनु पर्ने सुझाव दिएका थिए ।

अन्तर्राष्ट्रिय विमानस्थलमा कर्मचारी र प्रहरीबीच भएको झडपको घटना लज्जास्पद भएकाले दोहोरिन नदिनेतर्फ सम्बन्धित पक्ष गम्भीर हुनुपर्ने उनीहरूले जोड दिएका थिए । उनीहरुले कानुनी राज्यको परिपालना सबै नागरिकबाट हुनुपर्नेमा जोड दिँदै सत्तामा रहने हरेकले 'जसरी पनि सम्पत्ति कमाउनुपर्छ' भन्ने प्रवृत्ति बदल्नुपर्छ भने ।

अध्यागमन देशको मुहार भएकाले त्यहाँ खटिने कर्मचारीको आधारण, अनुशासन र कार्यसम्पादनले ठूलो प्रभाव पार्नतर्फ विचार पुऱ्याउन सरकारलाई सुझाव दिदै उनीहरुले गैर आवासीय नेपालीलाई प्रवेशाज्ञामा लाग्दै आएको दस्तुर माफ गर्न सुझाव दिए ।बैठकमा सदस्यहरुले कोरोनाका समयमा बन्द रहेको काकडभिट्टा नाका अझै खुल्न नसकेकोतर्फ सरकारको ध्यानाकर्षण गराउँदै विदेशबाट आउँदा जाँदा विश्वका अन्य मुलुकमा भन्दा स्वदेशकै विमानस्थलमा अनेक झन्झट र सास्ती खेप्न परेकामा उपप्रधानमन्त्रीको ध्यानाकर्षण गराए ।

कतिपय विमानस्थलका कर्मचारी व्यक्ति विशेषलाई हेरेर सहुलियत र सेवा प्रदान गर्ने गरेको घटना सुनाउँदै विमानस्थलका कर्मचारीको मिलोमतोमा यात्रुका 'सुटकेस' फोरेर सामान झिक्ने गरेको उदाहरण प्रस्तुत गरे । अध्ययन र रोजगारीका लागि विदेश जान लागेका युवा र विद्यार्थीसँग राहदानी, टिकट र प्रवेशाज्ञा भए नभएको हेरी बाँकी विषयमा सहजीकरण गरिनुपर्नेमा अनेकौं असान्दर्भिक विषयमा केरकार गरी दुःख दिने गरेको बताउँदै सदस्यहरुले अध्यागन प्रक्रिया जटिल हुनुहुँदैन भने ।

## 'भ्रष्टाचारको छानबिन र अनुसन्धानमा आयोगलाई सरकारको सहयोग रहन्छ'

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भ्रष्टाचारजन्य घटना छानबिन र अनुसन्धानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सरकारको पूर्ण समर्थन र सहयोग रहने बताएका छन् ।



आयोगको ३३औँ स्थापना दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले विभिन्न कालखण्डमा घटेका सबै साना-ठूला घटनामा आयोगले गर्ने अनुसन्धानमा सरकारको साथ रहने बताए । प्रधानमन्त्री दाहालले भने, "माथिल्लो तहदेखि तल्लातहसम्म गलत कार्य गर्ने, भ्रष्टाचार गर्ने जोकोही व्यक्ति, कर्मचारी वा पदाधिकारीलाई छानबिन र कारबाहीको दायरामा ल्याउन सरकार प्रतिबद्ध छ र यस्ता कार्यमा सरकारले आयोगलाई हस्तक्षेप गर्दैन ।"

सुशासन प्रवर्द्धनमा आयोगले पुऱ्याएको योगदानको प्रशंसा गर्दै प्रधानमन्त्रीले भ्रष्टाचारविरुद्धको लडाइँमा आयोग थप अडिग र कटिबद्ध भएर अगाडि बढ्नुपर्नेमा जोड दिए ।संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नका लागि भ्रष्टाचार नियन्त्रण अपरिहार्य हुने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सरकारले त्यस्ता गतिविधिप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्दै आएको स्पष्ट पारे ।

भ्रष्टाचार नियन्त्रण गर्नका लागि आयोग र आयोगजस्ता भ्रष्टाचार नियन्त्रण गर्ने निकायलाई कानुनी, प्रशासनिक र आर्थिक रूपले सबल बनाउन सरकारले आफ्ना नीति, कार्यक्रम तथा बजेटलाई केन्द्रित गरेको प्रधानमन्त्रीले जानकारी दिए । सुशासनको मुख्य बाधकका रूपमा रहेको भ्रष्टाचारविरूद्धको लडाइँमा संवैधानिक आयोगले आफ्नो स्थापनाकालदेखि हालसम्म निभाउँदै आएको महत्त्वपूर्ण भूमिकाको स्मरण गर्दै प्रधानमन्त्री दाहालले आयोगप्रति नागरिकले राखेका आशा र भरोसालाई आगामी दिनमा पनि कायम राख्नुपर्ने बताए ।

राष्ट्रले लिएको विकास र समृद्धिको दीर्घकालीन लक्ष्य हासिल गर्नका लागि भ्रष्टाचार नियन्त्रण अपरिहार्य रहेको उल्लेख गरे । प्रधानमन्त्री दाहालले कानुनको शासन, मानव अधिकारको संरक्षण तथा समतामूलक र समावेशी शासनको प्रत्याभूतिका गर्नका लागि आयोगले इतिहासदेखि नै खेल्दै आएको भूमिकालाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । उनले आगामी दिनमा भ्रष्टाचारमुक्त समाज स्थापना गर्ने सबालमा आयोग दृढताका साथ उभिनेछ विश्वास व्यक्त गरे ।

विश्वव्यापी रूपमा भएको प्रविधिको द्रूत विकाससँगै भ्रष्टाचारजन्य क्रियाकलाप र प्रवृत्तिको स्वरूप, तौरतरिका, प्रवृत्ति, सघनता र आयाममा व्यापक परिवर्तन आएको बताउँदै प्रधानमन्त्री दाहालले भने, "एकातर्फ आयोगको कार्यक्षेत्र विस्तार गर्नुपर्ने चुनौती छ भने अर्कोतर्फ आयोगको कार्य प्रणालीमा देखिएका समस्या समाधान गर्दै लैजानुपर्ने चुनौती छ।"भ्रष्टाचार नियन्त्रणको महत्वपूर्ण भूमिका बोकेको आयोगले स्वतन्त्र, निष्पक्ष र निर्भिक तवरले भ्रष्टाचार र अनियमितताविरूद्ध अनुसन्धान गरी दोषीलाई कारवाहीको दायरामा ल्याउन नवीनतम प्रविधिको प्रयोग गर्नुपर्नेमा प्रधानमन्त्री दाहालको जोड थियो ।

## शुद्धीकरण गर्दै अघि बढ्नुपर्ने मन्त्री गुरुङको भनाई

टुडे समाचारदाता

चितवन । नेपाली कांग्रेसका उपसभापति एवं कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले पार्टीलाई पुरानै अवस्थामा फर्काउनसके अग्रज नेताहरुको सम्मान हुने बताएका छन् ।

स्व वलराम पौडेलको १२ औं दिनको पुण्यतिथिका अवसरमा नेपाली कांग्रेस चितवनले आइतबार आयोजना गरेको श्रद्धाञ्जलीसभामा उनले पौडेलजस्ता लोकतान्त्रिक आन्दोलनका अगुवाको सम्मानका लागि पार्टीलाई पुरानै अवस्थामा फकाउन जरुरी रहेको बताएका हुन् । उनले भने, "पार्टीलाई पुरानै अवस्थामा फर्काउनका लागि शुद्धीकरण गरेर अघि बढ्नुपर्छ ।" कांग्रेसलाई रुपान्तरण गर्दै पुरानै अवस्थामा फर्काउनसके मात्र त्यागी नेताहरुको सम्मान हुने बताए । स्व पौडेलले पार्टीमा पुऱ्याएको योगदानको चर्चा गर्दै उहाँले पौडेलको निधनले पार्टीमा ठूलो क्षति पुगेको बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य उमा रेग्मी र टेकप्रसाद गुरुङ, नेपाली कांग्रेस बागमतीका सभापति इन्द्र बानियाँ, चितवनका सभापति राजेश्वर खनाल, निवर्तमान जिल्ला सभापति जीतनारायण श्रेष्ठ, पूर्वसभापति रामकृष्ण घिमिरे, कृष्णलाल सापकोटा, शेषनाथ अधिकारी, तोपमान सिंह गुरुङ, कांग्रेस नेता वामदेव खनाललगायतले स्व पौडेलले देश, लोकतन्त्र र सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरेका थिए ।

श्रद्धाञ्जली सभामा परिवारले पौडेलले अध्ययन गरेको त्रिभुवन माध्यमिक विद्यालय तनहुँ र अध्यापन गरेको भरतपुर महानगरपालिका-१६ को दुर्गा शेषकान्त माध्यमिक विद्यालयमा रु दुई लाख ५० हजारका दरले अक्षयकोष स्थापना गरेको नेपाली कांग्रेस चितवनका सचिव ध्रुव पोखेलले जानकारी दिए ।

## भूकम्प प्रभावितलाई तत्काल पुनःस्थापना गर्न सांसदको माग

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रियसभाका सांसदहरुले जाजरकोट भूकम्प पीडितहरु जाडोका कारण विभिन्न रोग र अभावबाट प्रभावित भएका भन्दै तत्काल उचित राहत र पुनःस्थापनाको माग गरेका छन् ।

राष्ट्रियसभाको आइतबारको बैठकको विशेष समयमा बोल्दै सांसद भैरबसुन्दर श्रेष्ठले जाजरकोटमा भूकम्पका प्रभावितमध्ये गर्भवती, सुत्केरी, बालबालिका थप पीडित भएको बताउँदै तत्काल उचित राहतका लागि सरकारको ध्यानाकर्षण गराए ।

उनले सरकारले घोषणा गरेको राहत रकम अझै सबै परिवारले नपाएको उल्लेख गर्दै तत्काल उचित व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराए । भूकम्प पीडितको व्यवसाय नष्ट भएको उल्लेख गर्दै उनले सरकारले उनीकहरुको पुनःस्थापनाको पहल गर्नुपर्नेमा जोड दिए । सांसद मोहम्मद खालिदले संविधानमा भएको व्यवस्था बमोजिम देशभित्र बोलिने सबै राष्ट्रिय भाषालाई समान स्थान दिएर सम्मान गर्नुपर्ने बताए । उनले दुई प्रतिशतको हाराहारीमा बोलिने मुस्लिम समुदायसँग जोडिएको उर्दु भाषालाई राज्यद्वारा सञ्चालित सञ्चारमाध्यमले प्राथमिकता दिनुपर्ने माग गरे ।


सांसद डा बिमला राई पौड्यालले विगतदेखि नै नेपालको शिक्षा क्षेत्रमा त्रिभुवन विश्वविद्यालयको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै हाल विश्वविद्यालयलको स्तर खस्किएको भन्ने टिप्पणीप्रति सरकारको ध्यानाकर्षण गराए । उनले विश्वविद्यालयको नेतृत्व राजनीतिक भागबण्डाका आधारमा नभई योग्यताका आधारमा नियुक्त हुनुपर्नेमा जोड दिए ।

सांसद युवराज शर्माले त्रिभुवन विश्वविद्यालयमा भागबन्डा गरेर उपकुलपति नियुक्ति गर्न नहुने बताउँदै राष्ट्रिय गौरवका आयोजनाका काम प्रभावकारी ढङ्गले अघि बढाउन सरकारको ध्यानाकर्षण गराए । उनले सरकारले दिगो विकासका लक्ष्य हासिल गर्नेगरी विकास निर्माणलाई अघि बढाउनुपर्नेमा जोड दिए ।

# खानको पार्टीले विरोधको आह्वान गरेपछि पाकिस्तान प्रहरीद्वारा कारवाहीको धम्की

एएफपी

इस्लामाबाद । कारागारमा रहनुभएका पूर्वप्रधानमन्त्री इमरान खानको पार्टीले गत साताको निर्वाचनमा कथित धाँधलीको विरोध गर्न समर्थकहरूलाई आग्रह गरेपछि पाकिस्तान प्रहरीले आइतबार गैरकानूनी जमघटमाथि कडा कारवाही गर्ने चेतावनी दिएको छ।



सेना समर्थित पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) को सत्तारूढ बहुमत जित्ने सम्भावनालाई समाप्त पार्दै खानको पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) पार्टीसँग जोडिएका स्वतन्त्र उम्मेदवारहरूले निर्वाचनमा सबैभन्दा धेरै सिट हासिल गरेका छन् । यद्यपि स्वतन्त्रहरूले सरकार बनाउन सक्तैनन् । प्रतिद्वन्द्वी दलहरू सम्भावित गठबन्धनका लागि छलफल गर्दा मुलुकले धेरै सातासम्म राजनीतिक अनिश्चितताको सामना गर्नसक्छ।

पिटिआई नेताहरूले मतदानमा धाँधली नभएको भए अझ धेरै सिट जित्ने दावी गरेका छन् । राष्ट्रव्यापी निर्वाचनको दिन मोबाइल टेलिफोन सेवा बन्द र नतिजाहरूको ढिलो गणनाले सैन्य प्रतिष्ठानले पिएमएल-एनको सफलता सुनिश्चित गर्न प्रक्रियालाई प्रभाव पारेको सन्देह उत्पन्न भएको छ । पिटिआईका अध्यक्ष गोहर अली खानले शनिबार पत्रकार सम्मेलनमा भन्नुभयो, "पाकिस्तानको सम्पूर्ण निर्वाचनमा सूक्ष्म तरिकाले हेरफेर गरिएको थियो ।" उहाँले समर्थकहरूसँग आइतबार 'शान्तिपूर्वक विरोध' गर्न आह्वान गर्नुभयो।

अधिकारीहरूले तथाकथित धारा १४४ आदेशअनुसार कडा कारवाही गर्ने चेतावनी दिएका छन् । औपनिवेशिक युगको उक्त कानूनअन्तर्गत दुई वा दुईभन्दा धेरै व्यक्ति भेला हुन प्रतिबन्ध लगाइएको छ । "केही व्यक्तिले निर्वाचन आयोग र अन्य सरकारी कार्यालयहरूमा गैरकानूनी जमघटका लागि उक्साइरहेका छन्", इस्लामाबादको प्रहरी बलका तर्फबाट आइतबार जारी विज्ञप्तिमा भनिएको छ, "गैरकानूनी भेलाहरूविरुद्ध कानूनी कारवाही गरिनेछ, भेलाहरूका लागि अनुरोध गर्नु पनि अपराध हो भन्नेतर्फ ध्यान दिनुपर्छ ।"यस्तै प्रकारको चेतावनी रावलपिन्डीमा पनि जारी गरिएको थियो। लाहोरमा लिबर्टी मार्केट नजिकै दङ्गा गियरले सुसज्जित दर्जनौं प्रहरी एकत्रित भएको देखेको एएफपीका संवाददाताहरूले देखेका थिए।

खानको पार्टीले एक महिना लामो कारवाहीलाई अस्वीकार गरेको छ । उक्त कारवाहीले निर्वाचन प्रचारलाई अपाङ्ग बनाएको थियो र उम्मेदवारहरूलाई बिहीबार मतदानमा विजयी हुनका लागि स्वतन्त्ररूपमा निर्वाचन लड्न बाध्य बनाएको थियो। अन्तिम नतिजा आइतबार घोषणा गरिएको छ। घोषित परिणामअनुसार स्वतन्त्र उम्मेदवारहरूले एक सय एक सिट, पिएमएल-एनले ७५, पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) ले ५४ र मुत्ताहिदा कौमी मुभमेन्ट (एमक्युएम) ले १७ सिट जितेका छन् । साना १० पार्टीले बाँकी १७ सिटमा विजय हासिल गरेका छन् भने दुई सिट रिक्त रहेको छ।

"नतिजाहरूले कुनै पनि पार्टीसँग सरकार गठन गर्नका लागि साधारण बहुमत नभएको स्पष्ट सङ्केत दिएको छ", राजनीतिक विश्लेषक तथा लेखक जाहिद हुसेनले भन्नुभयो, "यो विन्दुबाट मुलुकको राजनीतिक भविष्य अत्यन्तै अनिश्चित छ ।"तर पनि पिटिआईका नेताहरूले उनीहरूलाई आगामी सरकार बनाउनका लागि 'जनताको जनादेश' दिइएको दाबी गरेका छन् । पिटिआईका अध्यक्ष खानले अरब न्युजलाई दिनुभएको अन्तरवार्तामा भन्नुभयो, "जनताले इमरान खानको पक्षमा निर्णय गरेका छन् ।"सन् २०२२ अप्रिलमा अविश्वासको मतबाट खानलाई सत्ताबाट हटाएपछि अन्तिम सरकार बनाएका पिएमएल-एन र पिपिपीबीचको गठबन्धन अझै पनि सबैभन्दा सम्भावित परिणाम देखिन्छ।

मुलुकका सैन्य प्रमुखले परस्पर विरोधी राजनीतिज्ञहरूलाई 'परिपक्वता र एकता' प्रदर्शन गर्न भन्नुभएको छ । जनरल सैयद असिम मुनिरले शनिबार जारी एक विज्ञप्तिमा भन्नुभयो, "मुलुकलाई अराजकता र ध्रुवीकरणको राजनीतिबाट अगाडि बढ्न स्थिर हात र उपचारात्मक स्पर्शको आवश्यकता छ, अराजकता र ध्रुवीकरणको राजनीति २५ करोड जनताको प्रगतिशील मुलुकका लागि उपयुक्त होइन ।" पाकिस्तानको राजनीतिक परि दृश्यमाथि सेनाको दबदबा छ। सन् १९४७ मा भारतबाट विभाजन भएयता करिब आधा इतिहासमा जनरलहरूले मुलुक चलाएका छन्।

तीन पटकका प्रधानमन्त्री नवाज शरिफले स्थापना गरेको सैन्य समर्थित पिएमएल-एनले सबैभन्दा धेरै सिट भएको पार्टीका रूपमा जितको घोषणा गरेको छ तर सरकार बनाउनका लागि उक्त पार्टी प्रतिद्वन्द्वी तथा स्वतन्त्र उम्मेदवारहरूसँग सम्झौता गर्न बाध्य हुनुपर्नेछ।

मतदानको अघिल्लो दिन धेरै लामो कारगार सजाय भोगेपछि खानलाई निर्वाचनमा उम्मेदवार दिन रोक लगाइएको थियो । अपदस्थ भएपछि आफूमाथि लगाइएका करिब दुई सय मुद्दामध्ये यसै महिनाको सुरुमा उहाँलाई देशद्रोह, भ्रष्टाचार र गैर-इस्लामिक विवाह गरेको तीनवटा अलग-अलग मुद्दामा दोषी ठहर गरिएको थियो।

**स्वतन्त्र उम्मेदवार १०१, पीएमएल-एन ७५ र पीपीपी ५४ सिटमा विजयी**

पाकिस्तानको निर्वाचन आयोगले सन् २०२४ को फेब्रुअरी ८ मा सम्पन्न आम निर्वाचनको पूर्ण परिणाम आइतबार सार्वजनिक गरेको छ।

पाकिस्तानको नेशनल एसेम्ब्ली (राष्ट्रिय सभा) का लागि घोषित निर्वाचन परिणामअनुसार स्वतन्त्र उम्मेदवारले १०१, पूर्वप्रधानमन्त्री नवाज सरिफको पाकिस्तान मुस्लिम लिग-नवाजले ७५ र पूर्व विदेशमन्त्री बिलावल भुट्टो जरदारीले ५४ सिट प्राप्त गरेका छन्।


निर्वाचन परिणाममा व्यापक धाँधली भएको आरोप लगाउँदै प्रर्व प्रधानमन्त्री खानको पीटीआईले आइतबार देशव्यापी विरोध प्रदर्शनको घोषणा गरेको छ । परिणाममा लामो ढिलाइपछि सैन्य प्रतिष्ठानले मतदानमा धाँधली गरेको आरोप पीटीआई नेताहरूले लगाएका हुन्। सेनाको समर्थन रहेको भनिएको पीएमएल-एनले सबैभन्दा बढी सिट प्राप्त गर्ने पार्टीको रूपमा विजयको घोषणा गरेको छ। तीन पटकका पूर्वप्रधानमन्त्री नवाज सरिफले स्थापना गरेको पार्टीले सरकार गठनका लागि प्रतिद्वन्द्वी र स्वतन्त्र उम्मेदवारसँग सम्झौता गर्न बाध्य हुने देखिएको छ।

पाकिस्तानी सेना प्रमुखले शनिबार चुनाव 'जित र हारको शून्य योगफलको प्रतिस्पर्धा' नभएको भन्दै राजनीतिक ध्रुवीकरण अन्त्य गर्न आग्रह गर्नुभएको छ। "अराजकता र ध्रुवीकरण' को राजनीतिबाट माथि उठ्न राष्ट्रलाई स्थिर हात र उपचारात्मक स्पर्शको खाँचो छ," सेना प्रमुख जनरल सैयद असीम मुनिरलाई उद्धृत गर्दै सेनाद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

# प्यालेस्टिनीहरूलाई 'सुरक्षित मार्ग' दिने प्रतिवद्धता

एएफपी

गाजा पट्टी । गाजाको दक्षिणी शहर रफाहमा इजरायली आक्रमणपूर्व इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले विस्थापित प्यालेष्टिनी नागरिकहरूलाई 'सुरक्षित मार्ग' दिइने बताउनुभएको छ । नेतन्याहूले आइतबार प्रसारित एक



अन्तर्वार्तामा हमासविरुद्ध इजरायलको सैन्य अभियानलाई रफाहसम्म विस्तार गर्ने बताउनुभएको छ।

गाजापट्टीको २४ लाख जनसङ्ख्यामध्ये आधाभन्दा बढी जनसङ्ख्या भएको ठाउँमा नरसंहार हुन सक्ने अन्तर्राष्ट्रिय चेतावनीका बावजुद नेतन्याहूले एबीसी न्यूजसँग भन्नुभयो, "हामी हमासविरूद्धको अभियानलाई रफाहमा विस्तार गर्न गइरहेका छौं ।"

उहाँले भन्नुभयो, "हामी प्यालेष्टिनी नागरिकको लागि सुरक्षित मार्ग प्रदान गर्दै कारबाही अगाडि बढ्नेछौं ताकि उनीहरू सुरक्षित अन्यत्र जान सकून् ।"यद्यपि, इजिप्टसँगको सिमानामा थुनिएका र अस्थायी टेन्टमा आश्रय लिएका ठूलो सङ्ख्याका मानिसहरू कहाँ जान सक्छन् भन्ने कुरा स्पष्ट हुन सकेको छैन।नेतान्याहूले 'विस्तृत योजनामा काम गरिरहेको' बताउनुभएको थियो । सैनिकहरूले अझै प्रवेश नगरेको तर दैनिकजस्तो नै हवाई आक्रमण भइरहेको गाजाको रफाह क्षेत्रमा हमासविरूद्धको कारबाहीका लागि इजरायली सेना प्रवेश गर्न लागेको हो।

प्यालेस्टिनी मोहम्मद सैदामले शनिबार इजरायली आक्रमणबाट प्रहरीको एउटा गाडी ध्वस्त भएपछि भन्नुभयो, "विस्थापित गाजाबासीहरूले रफाह सुरक्षित छ भनेका थिए तर त्यो सुरक्षित छैन। सबै ठाउँलाई निशाना बनाइएको छ।"

रफाहबाट हमासको 'बटालियन' खाली नगरी हमासमाथि 'विजय' हासिल गर्न नसकिने दाबी गर्ने इजरायली प्रधानमन्त्रीले शुक्रबार आफ्नो सेनालाई कारबाहीको तयारी गर्न निर्देशन दिनुभएको थियो । उहाँको यो घोषणा विश्वका नेता र सहायता समूहहरूबाट चिन्ताको विषय बनेको छ ।"गाजाका मानिसहरू हावामा हराउन सक्दैनन्", जर्मन विदेशमन्त्री एनालेना बेयरबोकले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "रफाहमाथि इजरायली आक्रमण 'मानवीय विपत्ति' हुनेछ।

साउदी अरबको विदेश मन्त्रालयले शनिबार रफाहमाथि आक्रमणको 'गम्भीर परिणाम' आउने चेतावनी दिँदै संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को तत्काल बैठक बोलाउन आह्वान गरेको छ भने बेलायती विदेशमन्त्री डेभिड क्यामरूनले सम्भावित आक्रमणप्रति आफू 'गम्भीररूपमा चिन्तित' बनेको बताउनुभएको छ ।उहाँले लेख्नुभएको छ, "सहायता प्राप्त गर्न र बन्धक बनाइएकाहरूलाई बाहिर निकाल्नका लागि लडाईंमा तत्काल विराम लगाउनु प्राथमिकता हुनुपर्दछ।"

# हवाई आक्रमणमा कम्तीमा २५ जनाको मृत्यु

एएफपी

गाजा । दक्षिणी गाजा पट्टी शहर रफाहस्थित एक घरमा इजरायली बमबारीमा परी कम्तीमा २५ जना प्यालेस्टिनीको मृत्यु भएको प्यालेस्टाइनको सरकारी समाचार संस्था वाफाले जनाएको छ ।घटनामा दर्जनौं अन्य घाइते भएका छन् । बम विस्फोटको समयमा धेरै विस्थापितहरू उक्त घरमा बसिरहेका बताइएको छ।

रफाहका मेयर अहमद अल-सुफीले शनिबार भन्नुभयो, "रफाहमा हालैका घण्टाहरूमा इजरायली गोलाबारी र विस्फोटका घटना बढेका छन्। पछिल्लो एक विभत्स आक्रमणमा विस्थापित गाजाबासी बसिरहेको एक घर निशानामा परेको छ ।" इजरायलले रफाहमा सैन्य कारबाही गरे 'विश्वव्यापी विपत्ति' निम्त्याउने हमासका अधिकारीलाई उद्धृत गर्दै हमासको नियन्त्रणमा रहेको प्यालेष्टिनी सरकारी सञ्चार माध्यम वाफाले जनाएको छ ।इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजाको सबैभन्दा दक्षिणी शहर रफाहमा सैन्य कारबाहीका लागि योजना बनाउन सेनालाई निर्देशन दिएका छन्।

गत वर्ष अक्टोबर ७ मा गाजामा इजरायल-हमास द्वन्द्व सुरु भएयता त्यहाँका करिब आधा बासिन्दा सुरक्षाको खोजीमा इजिप्टसँग जोडिएको रफाहतर्फ भागेका थिए। इजरायली सेनाले केही हप्ताअघि रफाहसँग जोडिएको खान युनिसमा गरेको सबैभन्दा ठूलो आक्रमणपछि विस्थापित हुनेको सङ्ख्या बढेको हो। रफाह क्रसिङमार्फत विदेशी मुलुक र संयुक्त राष्ट्रसङ्घका निकायबाट खाद्यान्न र औषधि सहायता प्राप्त गर्ने सीमावर्ती सहर खाली कृषि भूमि, विद्यालय र सडक किनारमा टेन्टले भरिएको छ।

# यमनी गृहयुद्धको राजनीतिक समाधानका लागि छलफल



एएफपी

एडेन । यमनको राष्ट्रपतिय नेतृत्व परिषद्का अध्यक्ष रशाद अल-अलिमीले यमनका लागि संयुक्त राष्ट्रसङ्घका विशेष दूत हान्स ग्रुन्डबर्गलाई शनिबार एडेनमा स्वागत गर्दै लामो समयदेखि जारी गृहयुद्ध अन्त्यका लागि देशको राजनीतिक प्रक्रिया पुनः सञ्चालन गर्ने प्रयासबारे छलफल गर्नुभउको छ।

यमनका नवनियुक्त प्रधानमन्त्री अहमद अवाद बिन मुबारकको समेत सहभागिता रहेको उक्त बैठकमा ग्रुन्डबर्गको हालैको क्षेत्रीय वार्ताको परिणाम र यमनमा युद्ध अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा समावेशी राजनीतिक वार्ता पुनः सुरु गर्ने उद्देश्यका साथ सहयोगीहरूसँग समन्वयात्मक प्रयासमा केन्द्रित रहेको सरकारी समाचार संस्था सबाले जनाएको छ।

अल अलिमीले संयुक्त राष्ट्रसङ्घको मध्यस्थताले हुथी विद्रोही र उनीहरूका इरानी समर्थकहरूबाट शान्ति प्रयासप्रति गम्भीर प्रतिबद्धता प्रदर्शन गर्न शब्दमात्र होइन, ठोस कार्यलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको थियो । परिषद्द्वारा आइतबार जारी सार्वजनिक विज्ञप्तिमा भनिएको छ, "ताइजमाथि हुथी विद्रोहीको घेराबन्दी अन्त्य गर्ने, कोष, सामान र सरकारी कर्मचारीको तलब प्रवाहमा लगाइएको अवरोध हटाउने, सैन्य वृद्धि र नागरिक स्थलमा हुने आक्रमण रोक्ने र यमनमा मानव अधिकार उल्लङ्घन रोक्ने लगायतका विषय छलफलय भएका छन् ।"

यमन सरकारले यमनको पीडा अन्त्य गर्न र वैध शासकीय संस्थाहरूको पुनर्स्थापनाका लागि अन्तर्राष्ट्रिय प्रस्तावहरू अन्तर्गत आफ्नो जिम्मेवारी पूरा गर्न संयुक्त राष्ट्र सङ्घका राजदूतलाई सहयोग गर्न सबै सुविधाहरू प्रदान गर्न तत्परता व्यक्त गरेको छ।अल-अलिमीसँगको भेटबारे संयुक्त राष्ट्रसङ्घका विशेष दूतले एक संक्षिप्त प्रेस वक्तव्यमा भन्नुभयो, "उहाँले व्यक्तिगत रूपमा तनाव कम गर्न, यमनमा हिंसामा पुनरावृत्ति हुन नदिन र राष्ट्रव्यापी युद्धविराम र संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा राजनीतिक प्रक्रिया पुनः सुरु गर्ने दिशामा प्रगतिका उपायहरूको खोजी गरिएको छ।"

ग्रुन्डबर्गले यमनमा रोकिएको शान्ति वार्ता पुनः सुरु गर्न अनुकूल वातावरण सिर्जना गर्न क्षेत्रीय सरोकारवालाहरूसँग सक्रिय रूपमा संलग्न हुँदै आएका छन् । सन् २०१४ मा इरान समर्थित हुथी समूहले यमनको राजधानी सानाबाट अन्तर्राष्ट्रिय मान्यता प्राप्त यमनी सरकारलाई सत्ताच्युत गरेपछि यमन रक्तपातपूर्ण द्वन्द्वमा फसेको छ। यमन सरकार र हुथी विद्रोहीले संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा विभिन्न चरणका शान्ति वार्तामा भाग लिए पनि दीर्घकालीन समाधान हुन सकेको छैन।

# प्रिमियर कप क्रिकेटमा नेपालको दोस्रो जित



टुडे समाचारदाता

काठमाण्डु । एसिसी महिला प्रिमियर कप क्रिकेट-२०२४ अन्तर्गत आइतबार भएको खेलमा नेपालले भुटानलाई आठ विकेटले पराजित गर्दै विजयी भएको छ।

मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपालले भुटानलाई हराउँदै प्रतियोगितामा लगातार दोस्रो जित निकालेको हो । पहिलो खेलमा नेपालले हङकङलाई आठ विकेटले पराजित गरेको थियो । यस जितसँगै नेपालको २ खेलमा ४ अङ्क भएको छ। भुटानले प्रस्तुत गरेको ६६ रनको लक्ष्य नेपालले ११ दशमलव ५ ओभरमा दुई विकेट गुमाउँदै पूरा गऱ्यो।

नेपालका लागि सीता रानामगरले अविजित ३२ रन बनाइन्। तेस्तै रुविना क्षेत्रीले १७ रन बनाइन्। तेस्रो विकेटका लागि सीता र रुबिनाले अविजित ४८ रनको साझेदारी गरेका थिए । कविता कुँवरले ५ रन बनाइन् भने इन्दु बर्मा १ रनमा आउट भइन् । भुटानका लागि अन्जु गुरुङ र अन्जुली घलेले समान एक/एक विकेट लिए।

यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको भुटानले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै ६५ रनको योगफल बनाएको थियो । भुटानका लागि नवाङ छोडेनले सर्वाधिक २५ रन जोडिन भने, कप्तान डिचेन वाङ्मोले १७ रन बनाइन् । त्यस्तै, छिङि जाङमोले १६ रन बनाइन्।

नेपालका लागि कविता कुँवर, सीता रानामगर, कविता जोशी र कप्तान इन्दु बर्माले समान एक/एक विकेट लिए । नेपालले समूह चरणको अन्तिम खेल आगामी फागुन १ गते माल्दिभ्सको सामना गर्नेछ।

# 'ग्रासरुट क्रिकेट' विकास कार्यक्रमको प्रशिक्षण सुरु

टुडे समाचारदाता

गोदावरी । धनगढी उपमहानगरपालिकामा 'ग्रासरुट क्रिकेट' विकास कार्यक्रमको प्रशिक्षणका लागि प्रारम्भिक रुपमा खेलाडी छनोटको काम सुरु गरिएको छ।

> नगरप्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रमअन्तर्गत क्रिकेटको सहर धनगढीमा उपमहानगरसँगको साझेदारीमा गो ड्रिमर्सले "ग्रासरुट क्रिकेट" विकास कार्यक्रम सञ्चालन गर्न लागेको जनाइएको छ ।

धनगढी-१८ फुलबारी स्थित चन्द्रोदय माध्यमिक विद्यालय र वडा नं १२ स्थित सिद्धनाथ माध्यमिक विद्यालय जुगेडा केन्द्रबाट प्रारम्भिक रूपमा खेलाडी छनोटको काम सुरु गरिएको हो। फूलबारी र जुगेडा केन्द्रबाट प्रशिक्षणका लागि खुला रुपमा आवेदन आह्वान गरिएकामा दुवै केन्द्रमा ७०/७० छात्रा गरी एक सय ४० जनाले नाम टिपाएका गो ड्रिमर्सका अध्यक्ष सुवास शाहीले जानकारी दिए।

नगरप्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रमअन्तर्गत क्रिकेटको सहर धनगढीमा उपमहानगरसँगको साझेदारीमा गो ड्रिमर्सले ' ग्रासरुट क्रिकेट' विकास कार्यक्रम सञ्चालन गर्न लागेको जनाइएको छ। प्रशिक्षणमा सहभागिताका लागि नाम टिपाएकालाई क्रिकेटर बनाउने जिम्मेवारी आफ्नो काँधमा आएको अध्यक्ष शाहीले बताए । उनले ग्रासरुट क्रिकेट विकास कार्यक्रमका लागि दुई प्रशिक्षक नियुक्त गरिसकिएको जानकारी दिए।

धनगढी-१२ स्थित श्री सिद्धनाथ मावि जुगेडामा ज्ञानेन्द्र क्षेत्री र धनगढी-१८ स्थित श्री चन्द्रोदय मावि फुलबारीमा देवनारायण झाले प्रशिक्षण गराउने अध्यक्ष शाहीको भनाइ थियो । गत माघ ६ गते उपमहानगरसँगको साझेदारीमा गो ड्रिमर्सले धनगढीमा क्रिकेट ग्रासरुट विकास कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । उक्त निर्णय कार्यान्वयनका लागि पहिलो चरणमा प्रशिक्षक झा र क्षेत्रीलाई नियुक्त गरिएको जनाइएको छ । धनगढीका दुई नमूना विद्यालयमा क्रिकेटको नर्सरी विकास गर्न यो कार्यक्रम महत्वपूर्ण हुने विश्वास उपमहानगरपालिकाले लिएको छ।

# प्रदेश अन्तरपालिका भलिबलको उपाधि दमक र षडानन्दलाई



टुडे समाचारदाता

टक्सार । 'सुन्दर प्रकृति र स्वर्गरुपी मेरो देश, खेलकुदमार्फत पर्यटनको सन्देश' भन्ने नाराका साथ षडानन्द नगरपालिकाको केन्द्र दिङ्लामा सञ्चालन भएको कोशी प्रदेश अन्तरपालिकास्तरीय भलिबलको उपाधि दमक नगरपालिका र षडानन्द नगरपालिकाले जित्न सफल भएको छ । शनिबार भएको प्रतिस्पर्धात्मक खेलको अन्तिम चरण 'लाइट प्रोटेस्ट'का कारण स्थगित भएपछि आयोजक र खेलाडी टोलीबीच भएको छलफलअनुसार दुबै टोलीलाई विजयी घोषित गरिएको आयोजक जिल्ला खेलकुद विकास समितिका प्रमुख गेल्जेन शेर्पाले जानकारी दिए। बिजेताले एक लाख रु ५० हजार र उपविजेताले एक लाख पाउने भए पनि दुवै टोलीलाई विजेता बनाइएपछि रु एक लाख २५ हजारका दरले नगदसहित पदक तथा प्रमाणपत्र वितरण गरिएको थियो।

यस्तै प्रतियोगिताअन्तर्गत उत्कृष्ठ छ विधामा खेलाडीले रु पाँच हजारका साथै पदक तथा प्रमाणपत्र पाए । विजेताहरुलाई पूर्वमुख्यमन्त्री तथा प्रदेश सांसद राजेन्द्रकुमार राईलगायतले पुस्कार वितरण गरेका थिए।

गत २४ गतेदेखि सुरु प्रतियोगितामा प्रदेशभित्रका षडानन्द नगरापालिका भोजपुर, आमचोक गाउँपालिका भोजपुर, साल्पासिलिछो गाउँपालिका, बेलवारी नगरपालिका मोरङ, भोजपुर नगरपालिका, टेम्केमैयुङ गाउँपालिका, दमक नगरपालिका र रामप्रसाद राई गाउँपालिका गरी आठ टोलीले सहभागिता जनाएका थिए।

# पहाडी क्षेत्रमा जुनेलो, फापर र गहत लोप हुँदै

टुडे समाचारदाता

उदयपुर । जिल्लाका पहाडी क्षेत्रमा लामो समयदेखि परम्परागत रुपमा उत्पादन हुँदै आएका रैथाने बाली फापर तथा जुनेलो र गहत जस्ता हिजो आज खेती हुन छाडेपछि लोप हुने अवस्थामा पुगेका छन् ।



जिल्लाका पहाडी क्षेत्र ताप्ली, उदयपुर गढी, रौतामाई तथा लिम्चुङबुङ गाउँपालिका क्षेत्रमा विगतमा परम्परागतरुपमा खेती गरिने र उत्पादन हुँदै आएको रैथाने बाली फापर, जुनेलो तथा गहत हिजो आज खेती गर्न छाडिएपछि पाउन नै छाडिएको स्थानिय बताउँछन् ।रौतामाई गाउँपाालिका-५ रामेटारका कृषक पदमबहादुर मगरका अनुसार आजभन्दा २०/२५ वर्ष अगाडिसम्म गाउँमा गहत तथा जुनेलो राम्ररी खेती हुने गरेको थियो । पाँच/दश वर्षयता आएर यसको खेती नै गर्न छाडिएपछि गाउँघरमा जुनेलो तथा गहत पाउन छाडेको उहाँ बताउछन् ।

रौतामाई-४ डांसिंटारका कृषक नेत्रप्रसाद खत्री भन्छन्, "आजभन्दा १५/२० वर्षअघिसम्म आफुहरुले गाउँघरमा जुनेलो थुप्रै उत्पादन गरेर बिक्रीसमेत गर्ने गरेका थियौं, तर हिजो आज यसको खेती हुन छाडेपछि हामीलाई जुनेलो खान मन लागेमा अन्यत्र टाढा गएर किनेर ल्याउन बाध्य भएका छौं ।"उदयपुरगढी-४ डुम्रेका कृषक नरबहादुर घले मगर रैथाने अन्नबाली गाउँघरबाट लोप हुँदै जानाका कारणबारे भन्छन्, "विगतमा हामीहरुले घरबारी जग्गामा गहत, पाखा बारीको चारैतिर जुनेलोखेती गर्ने गरेका थियौं, अब त सबै युवा जती गाउँ छाडेर अन्यत्र जान थाले, गाउँमा यस्तो कठिन खेती कसले गर्ने, बरु जग्गा बाँझै बस्न थाल्यो, यस्तो खेती गर्ने जाँगरिला मान्छे नै गाउँघरमा बस्दैनन् ।"

गाउँघरमा रैथाने खेती गर्ने बुढापाका भइसकेका र युवा सबै गाउँ छाडेर अन्यत्र गएपछि गाउँमा यस्तो रैथाने खेती गर्ने युवाको अभावमा पनि गाउँघरमा हिजो आज जुनेलो, फापर तथा गहत जस्ता बालीको खेती नै हुन छाडेको ताप्ली-४ पिपलभन्ज्याङ्का रामबाबु ठकुरी बताउछन् ।उनका अनुसार आजभन्दा १५/२० वर्ष अगाडिसम्म पनि ओख्ले पिपलभन्ज्याङ्का पाखाबारीमा जुनेलोखेती हुने गरेका कारण गाउँ नै जुनेलोमय हुने गरेको थियो । जिल्लाका पहाडी क्षेत्रका अधिकांश बारीमा विगतमा अनिवार्य रुपमा जुनेलोखेती हुने गरेको भए पनि हिजो आज हुन छाडेको छ ।

विगतमा गाउँका पाखाबारी तथा सुक्खाबारीमा अनिवार्य गहत तथा जुनेलो जस्ता अन्नबाली लगाएर उत्पादन गरिने भएको भए पनि हिजो आज युवाहरुले यस्तो खेती प्रति चासो नदिनु र गाउँघरबाट युवा अन्यत्र पलाएन भएपछि रैथाने बाली लोप हुँदै गएको रौतामाई गाउँपालकिकाका उपाध्यक्ष भूपेन्द्र थापा बताउछन् ।उदयपुरगढीका दनुवार बेसीका कृषक वुद्धिबहादुर तामाङ्का अनुसार विगतमा गाउँघरमा फापर तथा जुनेलो उत्पादन गरेर अन्यत्र बजारमा लगेर बिक्री गर्ने गरिएको भए पनि हिजो आज खेती नै हुन छाडेपछि आफैँलाई खानका लागि यस्ता अन्नबाली खोजेर पनि पाउन छाडेको छ ।

जिल्ला कृषि ज्ञान केन्द्रका अनुसार विगतमा जिल्लाको पहाडी क्षेत्रको गाउँघरमा उत्पादन हुने फापर, जुनेलो तथा गहत राम्रो उत्पादन हुने र कृषकले यसको बिक्रीले राम्रै फाइदा लिने गरे पनि हिजो आज यसको खेती नै हुन छाडेको छ । गाउँघरमा उत्पादन हुने अन्य रैथाने अन्नबाली कोदो, कागुनी, जौंसमेत हिजो आज बिस्तारै खेती हुन छाडेका कारण लोप हुँदै जाने अवस्थामा पुगेको रौतामाईका कृषक कृष्णबहादुर आलेमगर बताउछन् ।

# बीमा र अनुदानले स्याउ किसान लाभान्वित

टुडे समाचारदाता

मुगु । सरकारले बीमामा अनुदान दिन थालेपछि मुगुका स्याउ किसान लाभान्वित हुँदै आएका छन् । स्याउ उत्पादनमा कमी आए पनि सरकारले किसानलाई दिएको अनुदान र बीमा रकम पाएपछि भने किसान हर्षित भएका हुन् । छ। स्याउ फूल्ने समयमा छाँयानाथ रारा नगरपालिकाभित्रका ताल्च, कालापाल्त, पिना, बाम, तुम, शोभा, रोवा, घट्टलेख, छैला, चिमाथलगायत विभिन्न क्षेत्रका किसानले स्याउको बीमा गराइसकेका छन् । बीमा गराउनेमा उक्त क्षेत्रका पाँच सय ४७ किसान रहेका तथ्याङ्क छ । छाँयानाथ लगाइएका स्याउबाट उत्पादन नभएको गुनासो गरे ।

असिना पानी र बेमौसमी वर्षाले स्याउ उत्पादन निकै घटेको थियो भन्दै उहाँले गत वर्ष चौततिर आठ हजार पाँच सय तिरेर एक सय ६० बोट स्याउको बीमा गराएकाले उत्पादन नभए पनि राहत पाएँ ।



समयमै वर्षा नभएको, वर्षा हुँदा पनि आवश्यकता भन्दाबढी असिना र पानी परेकाले यो वर्ष स्याउ उत्पादनमा ४० प्रतिशत गिरावट आएको थियो । छायानाथ रारा नगरपालिका र मुगुम कार्मारोङगाउँ पालिकामा कम्तीमा ३० बोटदेखि तीनसय बोट स्याउ लगाउनेसम्मका किसान छन् । स्याउ उत्पादनमा क्षति भए पनि किसानले बीमाबापतको रकम भुक्तानी पाएपछि राहत महसुस गरेका हुन् ।

पछिल्लो समय स्याउ उत्पादन गर्नेदेखि अन्य किसानमा बीमाप्रति आकर्षण बढ्दै गएको रारा नगरपालिका- ६ का गोविन्द बमले एक सय ६० बोट स्याउको बीमा समय मै गराएको बताए । स्याउ उत्पादन नभए पनि बीमाबापत रकम पाएपछि खुसी लागेको उनले बताए । गरिब किसानलाई सरकारको अनुदान र बीमाले फाइदा पुगेको धारणा रारा नगरपालिका १० का रामकृष्ण सेजुवालको थियो ।

यस्तै पाँच हजार वर्ग क्षेत्रफलभित्र दुई सय भन्दाबढी स्याउको बिरुवा लगाएर स्याउ खेती गर्दै आएका छाँयानाथ रारा नगरपालिका ४ का जयलक्ष्मी भामले आफ्नो बगानमा भामले बीमा बापत रु ४० हजार चार सय बीमा कम्पनीबाट पाइएको जानकारी दिनुभयो । समयमै बीमा गर्दा उत्पादन नभए पनि किसानलाई बीमाले निकै राहत दिएकाले यो वर्ष पनि आफू बीमा गर्ने तयारी गरिरहेको उहाँले बताउनुभयो । भामले भने, "हामी किसानका लागि स्याउ बीमा धेरै राम्रो रहेछ । गतवर्ष आठ हजार पाँच सय तिरेर बीमा गराएको थिएँ तर उत्पादन शून्य नै भयो । केही आम्दानी गर्न सकेनौं । बीमाले राहत भयो । यो वर्ष पनि बीमा गराउने तयारीमा छु ।"

जिल्लाको स्याउ उत्पादनमा पकेट क्षेत्र मानिने छाँयानाथ रारा नगरपालिका र मुगुम कार्मारोङ गाउँपालका किसानले शिखर ईन्स्योरेन्स कम्पनी लिमिटेडको मुगु शाखामा स्याउको बीमा गर्दै आएका छन् । गत वर्षको बेमौसमी वर्षाले गर्दा कसैको बोटमा स्याउको दानै फलेन भने स्याउ फलेकाको पनि ४० प्रतिशत उत्पादनमा गिरावट आएको शिखर ईन्स्योरेन्स कम्पनी लिमिटेड जिल्लाशाखा प्रमुख लोकेन्द्र भण्डारीले बताए ।

उनका अनुसार सोही आधारमा जिल्लाका पाँच सय ४७ किसानले लगाएका ९० हजार भन्दाबढी स्याउका बोटको बीमा गराएबापत बिमितलाई रु एक करोड ८० लाख भन्दाबढी रकम भुक्तानी गरिसकिएको छ । "रारा नगरपालिका र मुगुम कार्मारोङ गाउँपालिका गरी हामीले ९० हजार बोटको बीमा गराएका थियौं । यस वर्ष उत्पादनमा भएको ४० प्रतिशत क्षतिको आधारमा हामीले कूल एक करोड ८० लाखको हाराहारीमा किसानलाई भुक्तानी गरिसकेका छौं,' प्रमुख भण्डारीले भने ।

स्याउखेती बीमाअन्तर्गत सरकारले किसानलाई ८० प्रतिशत अनुदान दिँदै आएको छ । बीमाको अवधि एकवर्ष हुन्छ किसानले आफ्नो स्याउका बोटको बीमा अवधि सकिएपछि पुनः बीमा गर्नुपर्ने हुन्छ । सरकारले बीमामा अनुदान दिँदा विभिन्न प्राकृतिक विपत्ले स्याउ उत्पादनमा गिरावट आएकाले निराश भएका किसान यो व्यवसाय नै छोड्नुपर्ने अवस्थामा पुगेकामा बीमाले पुनर्जिवन दिएकोजस्तो अनुभूति गर्दै आएका छन् ।

# सम्झौता खारेज गर्न समितिको निर्देशन

टुडे समाचारदाता

काठमाण्डु । लुम्बिनीस्थित रामग्राम क्षेत्रको जग्गा अधिग्रहण गरेर निजी कम्पनीलाई ९९ वर्षका लागि भाडामा लगाउने गरी भएको सम्झौता खारेज गर्न सार्वजनिक लेखा समितिले सरकारलाई निर्देशन दिएको छ ।



रामग्राम क्षेत्रलाई संरक्षण तथा विकाससम्बन्धी अनुसन्धान तथा परियोजनाको आर्थिक स्रोतको खोजी गरी लुम्बिनी विकास कोष र प्रमिष्ट ल्याण्ड लिमिटेडबीच भएको सम्झौता खारेज गर्न समितिको आइतबारको बैठकले निर्देशन दिएको हो ।"लुम्बिनी विकास कोषले रामग्राम क्षेत्रमा गरेको सम्झौता आइतबारैका मितिदेखि खारेज गर्न सरकारलाई निर्देशन दिने निर्णय बैठकले गरेको छ", लेखा समिति सभापति ऋषिकेश पोखरेलले भने, "यस विषयमा थप अनुसन्धान अघि बढाउन र यस्तो काम अरु कुनै ठाउँमा नहोस् भन्ने सुनिश्चितता गर्न पनि सरकारलाई निर्देशन दिने निर्णय भएको छ ।"

रामग्राम क्षेत्रको जग्गा अधिग्रहण गरेर ९९ वर्षका लागि भाडामा लगाउने गरी लुम्बिनी विकास कोष र प्रमिष्ट ल्याण्डबीच भएको सम्झौताबारे आइतबार समितिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती, मन्त्रालयका सचिव दिपक काफ्ले, अर्थ सचिव कृष्णहरि पुष्कर, राजस्व सचिव रामप्रसाद घिमिरे, लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्हारक्याल लामालगायतसँग छलफल गरेको थियो ।

उक्त छलफलका क्रममा समितिका सदस्यले प्रतिस्पर्धाविनै भाडा सम्झौता भएको, खरिद कानुनको पालना नभएको, धार्मिक क्षेत्रको अस्तित्व मेटिने गरी व्यवसायिक संरचना बनाउन लागिएको, सम्झौता भएको निजी क्षेत्रको पृष्ठभूमि विवादास्पद रहेको लगायतका कारणले यो सम्झौता रद्द गरिनुपर्ने धारणा राखेका थिए ।

युनेस्को र पुरातत्व विभागले तोकेको मापदण्डभन्दा विपरीत हुने गरी लुम्बिनी क्षेत्रमा कुनै पनि संरचना नबनाउन तथा विद्यमान कानुनी प्रक्रियाभन्दा बाहिर गएर कुनै पनि काम नगर्न पनि समितिले निर्देशन दिएको हो । रामग्राम क्षेत्रको जग्गा अधिग्रहण गर्नका लागि बजेटको व्यवस्था गर्नका लागि पनि समितिले सरकारलाई निर्देशन दिएको छ । समितिले आइतबारैको बैठकले एनसेल शेयर खरिद-बिक्रीका सन्दर्भमा अध्ययन गर्न गठित समितिको प्रतिवेदन तत्काल सार्वजनिक गर्न र लेखा समितिलाई उक्त प्रतिवेदन उपलब्ध गराउन पनि निर्देशन दिएको छ ।

# नेप्से ओरालो यात्रामा

टुडे समाचारदाता

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १० दशमलव ५० अङ्कले ओरालो लागेर दुई हजार ८५ दशमलव ८२ मा सीमित भएको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूच्क तीन दशमलव ८९ अङ्कले ओरालो लागेर तीन सय ७४ दशमलव ७५ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये आज तीन उपसमूहको शेयर मूल्य उकालो लाग्दा १० उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ ।

विभिन्न कम्पनीका एक करोड पाँच लाख ७१ हजार एक सय ९९ कित्ता शेयर रु चार अर्ब आठ करोड ५६ लाख ७८ हजार चार सय ७२ मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबारका आधारमा हिमालयनल रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु ६२ करोड ४७ लाख ८५ हजार तीन सय ६८ बराबरको कारोबार भयो ।

एनआरएन इन्फास्ट्रचर रु १२ करोड चार लाख ३४ हजार चार सय ३७, हिमालयन डिस्टिलरी रु नौ करोड २३ लाख २६ हजार तीन सय ८८, एनआइसी एशिया बैंक रु आठ करोड ४२ लाख चार हजार तीन सय ३२ र हाथवे इन्भेस्टमेन्ट रु आठ करोड ३० लाख ७७ हजार सात सय तीन मूल्यमा कारोबार भई शीर्षए पाँच भित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार समाज लघुवित्त र कुर्थली बुखरी स्मल हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

# स्वदेशी काठ उपयोग गर्दै आयात विस्थापित गर्नुपर्नेमा जोड

टुडे समाचारदाता

गण्डकी । स्वदेशी काठ जङ्गलमा कुहिने र वार्षिक खर्बौंको विदेशी काठ आयातलाई विस्थापित गर्नुपर्नेमा जोड दिइएको छ ।



सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल देवघाट तनहुँद्वारा आयोजित 'वन पैदावार उपयोगमा देखिएका समस्या र समाधान' विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताले स्वदेशी काठ उपयोग गर्ने नीतिको खाँचो औंल्याएका हुन् ।

देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले कार्यक्रमको उद्घाटन गर्दै मुलुकको वन पैदावार उपयोग एवं निकासी नीति सर्वसुलभ नहुँदा उपभोक्ताले दुःख पाउनुका साथै वनमा काठ कुहिने अवस्था सिर्जना भएको बताए ।

उपभोक्ताले सानो कमजोरी गर्दा पनि धरपकड र पक्राउ गरेर हिरासतमा राख्ने परिपाटीको अन्त्य हुनुपर्नेमा जोड दिँदै उनले प्राकृतिक स्रोतको अधिकार स्थानीय सरकारलाई हस्तान्तरण गर्न सङ्घ र प्रदेश सरकारसँग माग गरे ।

"प्रचुर सम्भावना रहेको वन क्षेत्रको उपयोग गर्दै हरित रोजगारी सिर्जना गर्नुको विकल्प छैन", थापाले भने, "काठसहित पशुपालन, जडीबुटी, खनिज, पानीलगायत बहुआयामिक प्राकृतिक स्रोतलाई समृद्धिसँग जोड्न अपरिहार्य छ ।"

वन क्षेत्रको संरक्षण, संवर्द्धन र विकासका लागि पालिकाले वार्षिकरुपमा बजेट विनियोजन गर्दै आएको बताउँदै उनले साझेदारीका लागि सामुदायिक वन समूहलाई पालिकामा सूचीकृत हुन आग्रह गरे ।

गाउँपालिकाका उपाध्यक्ष भुवन सिंह गुरुङले पालिका र वन समूहबीच सुमधुर सम्बन्ध कायम गर्दै वन क्षेत्रलाई थप आयआर्जनको माध्यम बनाउनुपर्नेमा जोड दिए ।

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका केन्द्रीय सदस्य हरि बाँस्तोलाले नेपाल विश्वसामु सामुदायिक वनको देशका रुपमा परिचित भए पनि जनताले विदेशी काठको प्रयोग गर्नुपर्ने विडम्बना रहेको बताए ।

स्वदेशी काठको उपयोग गरेर विदेशी आयातलाई विस्थापित गर्नु अहिलेको आवश्यकता रहेको उनको भनाइ थियो । उनले जङ्गलमा काठ कुहिने र विदेशबाट बर्सेनी खर्बौंको काठ, युपिभिसी, आलमोनिय र फलामलगायत वस्तुको आयातले मुलुकलाई कमजोर बनाउनुका साथै वातावरणमा प्रतिकुल असर पार्दै आएको बताए ।

वन महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले स्थानीय वन ऐन निर्माणमा जोड दिँदै ऐन, विनियमका आधारमा निर्माण भएको कार्ययोजना अनुरुप वनको संरक्षण, विकास र उपयोगमा लाग्न उपभोक्ता समूहलाई आग्रह गरे ।

सरकारी तवरबाट वन समूहलाई सहयोगीको भूमिका निर्वाह गर्नुपर्नेमा कमिकमजोरी खोज्ने र हिरासतमा राखेर उनीहरुको सामाजिक प्रतिष्ठामा आँच आउने खालका गतिविधिले संरक्षणकर्तामा नैराश्यता पैदा भएको उनको भनाइ थियो ।

सहायक जिल्ला वन अधिकृत मदन सुवेदीले सामुदायिक वन स्वायत्त संस्था भएको उल्लेख गर्दै कार्यालयबाट अनावश्यकरुपमा उपभोक्तालाई दुःखदिने काम नभएको बताए । वन ऐन र कानुनभित्र रहेर काम गर्ने समूहलाई कुनै पनि अप्ठेरो नपर्नेमा उनको जोड थियो ।

वन यतिखेर हराभरा भएको छ, जङ्गली जनावर घरमै आएर कृषिबाली नष्ट गर्दछन्, प्रकृया नमिल्दा उपभोक्ता समूह जेल जानुपर्ने, वन कार्यालयमा नयाँ आउने कर्मचारीले अघिल्लाले गरेका कामलाई मान्यता नदिने र घर बनाउँदा विदेशी काठ बजारबाट खरिद गर्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने कार्यक्रमका सहभागीको सामूहिक धारणा थियो ।

गाउँ महासङ्घका अध्यक्ष प्रवीण कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा महासङ्घ गण्डकीका सचिव केशव न्यौपाने, देवघाट गाउपालिका-५ का अध्यक्ष कर्णबहादुर कुँवर, महासङ्घ तनहुँ अध्यक्ष विष्णुमार श्रेष्ठ, जिल्ला सदस्य भोजराज नैनावस्तीलगायतले वन क्षेत्रको महत्वमाथि प्रकाश पारेका थिए ।

# युवाहरुको सामूहिक तरकारी खेती

टुडे समाचारदाता

पर्वत । यहाँ सामूहिक तरकारी खेती सुरु गरिएको छ । दक्षिण पर्वतको पैंयु गाउँपालिका-७ का २३ युवा मिलेर सामूहिक तरकारीखेती सुरु गरेका हुन् ।



युवा जनशक्ति दिनप्रतिदिन पलायन हुँदै जाने र खेतीयोग्य जमिनसमेत बाँझो हुने क्रम बढेपछि वडा नं ७ भोर्लेका वडाध्यक्ष तोयानाथ शर्माको अगुवाइमा भोर्ले बहुउद्देश्यीय कृषक समूहको गठन गरी सामूहिक रुपमा खेती गर्न थालिएको हो । समूहले स्थानीय व्यक्तिहरुको सिँचाइयुक्त २० रोपनी क्षेत्रफलमा विभिन्न जातका तरकारीको खेती सुरु गरेको छ । दिनप्रति दिन जमिन बाँझिने क्रम बढेपछि आफैं सक्रिय भएर तरकारी खेतीमा लागेको वडाध्यक्ष शर्माले बताए ।

"सिँचाइको राम्रो सुविधा भएको खेतीयोग्य जमिन नै खनजोत हुन नसक्दा साह्रै नराम्रो लाग्यो", अध्यक्ष शर्माले भने, "अनि वडाको बैठकमा तरकारीखेती गर्ने प्रस्ताव गरैं, सर्वसम्मत रुपमा पास भएपछि समूह गठन गरेर अघि बढेका हौं ।"

> अध्यक्ष शर्माकै योजना र मागअनुसार कृषि कार्यक्रमअन्तर्गत गतवर्ष गाउपालिकाले रु पाच लाख विनियोजन गरेको थियो । उक्त बजेटबाट समूहलाई यान्त्रिक हलो, सुकाउने र पिस्ने मेसिन खरिद गरिएपछि समूहमा आबद्ध कृषकलाई तरकारीखेती गर्न सहजसमेत भएको छ ।

अध्यक्ष शर्माकै योजना र मागअनुसार कृषि कार्यक्रमअन्तर्गत गतवर्ष गाउँपालिकाले रु पाँच लाख विनियोजन गरेको थियो । उक्त बजेटबाट समूहलाई यान्त्रिक हलो, सुकाउने र पिस्ने मेसिन खरिद गरिएपछि समूहमा आबद्ध कृषकलाई तरकारीखेती गर्न सहजसमेत भएको छ ।

गत वर्ष वडाको कृषि क्षेत्रमा यान्त्रिकीकरण गर्ने काम भएपछि यस वर्षदेखि व्यावसायिक तरकारी खेती सुरु गरिएको हो । पहिलो चरणमा १० रोपनी क्षेत्रमा गरिएको गोलभेडा, काउली, ब्रोकाउली, खुर्सानी, प्याज, लसुन, धनिया लगायतको उत्पादनबाट रु पाँच लाख आम्दानी हुने अनुमान गरिएको छ ।

बाँझो जमिनको उपयोग हुने र कृषकसमेत आत्मनिर्भर हुनुका साथै स्थानीय बजारमा जैविक तरकारी उपलब्ध गराउने समूहको योजना छ । व्यावसायिक तरकारीखेतीका लागि यस वर्षसमेत वडाले रु पाँच लाख रकम विनियोजन गरेको छ । वडाध्यक्ष शर्माले भने, "बाँझो जमिन उपयोग गरेर कृषियोग्य बनाइसकेपछि टनेलमा काउली, बन्दागोभी, ब्रोकाउली, प्याज, लसुनलगायत मौसमी तथा बेमौसमी तरकारीखेती शुरु गरिएको हो ।"

उनीहरुले पहिलो चरणमा विभिन्न तरकारीका बेर्ना बेचेर रु १६ हजार आम्दानीसमेत गरिसकेका छन् । यहाँ उत्पादित तरकारी तथा बेर्ना छिमेकी स्थानीय तह विहादी, महाशिला तथा स्याङ्जाको वालिङसम्म पुग्ने गरेको छ । सडकको राम्रो सुविधा भएकाले उत्पादित तरकारी बजारीकरणमा समस्या नरहेको अध्यक्ष शर्माले बताए । व्यावसायिक तरकारी खेतीका लागि वडाले नै पारिश्रमिक निर्धारण गर्ने गरी पाँच स्थानीयलाई रोजगारीसमेत प्रदान गरेको छ । वडावासी कृषकलाई सस्तो मूल्यमा तरकारी तथा तरकारीका बेर्ना र बीउ उपलब्ध गराउने योजना समूहले बनाएको छ । उनका अनुसार स्थानीय कृषकको बाँझो जमिन उपयोगका लागि पनि प्रेरणा हुनेछ ।

समुहमा आबद्धबाहेक अन्य कृषकले उत्पादन गरेको तरकारी बिक्रीका लागि बजारको व्यवस्थापन गरिने समूहमा आबद्ध पदमबहादुर आलेले बताए । वडामा रहेका सामुदायिक विद्यालयका विद्यार्थीका लागि पढ्दै सिक्दै र कमाउँदै भन्ने कार्यक्रम ल्याई कृषिको व्यावसायिक उत्पादनमा लगाउने कार्यक्रम वडाले तयार पारेको छ । पहिलो चरणमा यस वर्ष १० रोपनीमा व्यावसायिक खेती गरिएको छ भने बाँकी १० रोपनीमा स्थानीय बेसार खेती गरिने भएको छ ।

जनप्रतिनिधि नै संलग्न भएर बाँझो जमिन उपयोग गर्नुका साथै कृषकको आम्दानी र पालिकालाई तरकारीमा आत्मनिर्भर बनाउने योजनाले अन्य कृषकलाई उत्साहित बनाएको गाउँपालिकाका अध्यक्ष तोरणमल्ल ठकुरीले बताए । उनले कृषकलाई व्यावासयिक रुपमा कृषि पेशामा लाग्नका लागि पालिकाले बीउ, बेर्ना, मलखाद तथा यान्त्रिक उपकरण खरिदमा अनुदानसमेत दिँदै आएको बताए ।

# उपराष्ट्रपति यादवद्वारा पोष्ट नेटल केयर वार्डको उद्घाटन

**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्ज स्थित नारायणी अस्पतालमा रहेको प्रसूति विभागमा २० शैयाको सुविधा सम्पन्न पोष्ट नेटल केयर (पिएनसी) वार्ड सञ्चालनमा आएको छ । आइतबार उपराष्ट्रपति रामसहाय यादवले समुद्घाटन गरेसँगै उक्त वार्ड सञ्चालनमा आएको छ।

समुद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उपराष्ट्रपति यादवले नारायणी अस्पतालामा पिएनसी वार्डको निर्माणले अस्पतालमा बिरामीको उपचार र सेवामा थप सहजता पुग्ने विश्वास व्यक्त गरे । सरकारी अस्पतालको पूर्वाधार र सेवाको गुणस्तर विस्तारमा सरकारसंगै निजी क्षेत्रको सहकार्य बढ्दै गएको बताउदै उपराष्ट्रपति यादवले बिरामीले गुणस्तरीय उपचार पाउनका लागि सरकारी अस्पतालको पूर्वाधारसँगै बिरामीले उच्च सेवा पाउने आशा व्यक्त गरे ।

संघीय सरकारका उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सामाजिक दायित्व अन्तर्गत उद्योगीहरुले कर सुविधा पाए पनि कागज मिलान गर्ने गरेको गुनासो व्यक्त गर्दै केएनसीले सामाजिक दायित्व निर्वाह गरेकोमा धन्यवाद व्यक्त गरे । मन्त्री रिजालले वीरगञ्जमा मधेश प्रदेशकै ठूलो ट्रमासेन्टर अस्पताल छिट्टै निर्माण हुने जानकारी दिए।

अस्पतालमा ६९ शैयाको प्रसूति विभाग सञ्चालनमा थियो । प्रसूति गराइए पछि आमा र शिशुलाई कम्तीमा २४ घण्टा अस्पतालमै राख्नु पर्ने नियम भए पनि पिएनसी वार्ड नहुदाँ तत्कालै डिस्चार्ज गर्नुपर्ने बाध्यता थियो । तर अब पिनएसी वार्ड सञ्चालनमा आएपछि आमा र शिशुलाई उक्त सेवा दिन सहज हुने मेसु चितरञ्जन साहले बताए।



उद्घाटन कार्यक्रममा बोल्दै नारायणी अस्पतालको प्रसूति विभागमा पिएनसी वार्डको अभावरहेको कारण सुत्केरी उपचारमा समस्या भएको जानकारी आए पछि केएनसी जापान प्रालिले सामाजिक उत्तरदायित्व अन्तर्गत ४५ लाखको लगतमा उक्त वार्ड निर्माण गरेको सञ्चालक अशोक बैद्यले बताए। सम्झौतामा वार्डको निर्माण तीन महिनामा गरिने उल्लेख भए पनि दुई महिना भित्रै उक्त वार्ड निर्माण गरी हस्तान्तरण गरिएको बैद्यको भनाइ थियो ।

अस्पतालमा पिएनसी वार्ड सञ्चालनमा आएपछि उक्त वार्डबाट महिनामा ६ सय र वर्षमा सात हजार दुई सय सुत्केरीले सेवा पाउने अस्पताल विकास समितिका अध्यक्ष धीरज कुमार गुप्ताले बताए।

> सरकारी अस्पतालको पूर्वाधार र सेवाको गुणस्तर विस्तारमा सरकारसंगै निजी क्षेत्रको सहकार्य बढ्दै गएको बताउदै उपराष्ट्रपति यादवले बिरामीले गुणस्तरीय उपचार पाउनका लागि सरकारी अस्पतालको पूर्वाधारसंगै बिरामीले उच्च सेवा पाउने आशा व्यक्त गरे ।

नारायणी अस्पताल विकास समितिका अध्यक्ष गुप्ताको अध्यक्षता तथा उपराष्ट्रपति यादवको प्रमुख आतिथ्यतामा भएको उद्घाटन समारोहमा पूर्वमन्त्री तथा जसपा नेपालका प्रमुख सचेतक प्रदीप यादव, नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा सदस्य अजय चौर सिया, प्रतिनिधि सभा सदस्य प्रभु हजरा, प्रदेशसभा सदस्यहरु जनार्दन सिंह क्षेत्री र श्याम पटेल, वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह, उपमेयर इम्तियाज आलम लगायतको पनि उपस्थिति थियो।

त्यस्तै उपराष्ट्रपति रामसहायप्रसाद यादवले धार्मिक गतिविधिले मानवलाई सकारात्मक सोच र सही मार्गमा हिंड्न प्रेरित गरिरहेको बताएका छन् ।

वीरगञ्ज महानगरपालिका-१४ पीपरास्थित चिनी मिल परिसरमा आइतबारदेखि सुरु भएको सीताराम नाम सङ्कीर्तन महायज्ञ १०८ कुन्ज एवं नौ दिवसीय श्री विष्णु महायज्ञको उद्घाटन गर्दै उपराष्ट्रपति यादवले महायज्ञ, भूमिपुजनलगायतका धार्मिक अनुष्ठानले मानव मानवबीच सद्भाव कायम गर्न र मानवलाई सही मार्गमा हिंड्न प्रेरित गरिरहेको बताए।

आपसी खिचातानी, मनमुटावलगायतका कारण समाजमा अशान्ति बढिरहेका बेला यस्तो धार्मिक अनुष्ठानले शान्ति, अमनचयन र भातृत्व प्रबर्द्धनमा योगदान पुग्ने विश्वास व्यक्त गर्दै महायज्ञले शान्ति कायम गर्न र पारस्परिक एकता प्रबर्द्धन होस् भन्ने कामनासमेत गरे।

कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले धर्मले सत्यको बाटोमा हिँड्न प्रेरित गर्ने गरेको बताउदै धर्मलाई जोगाउन धर्मगुरुको योगदान महत्वपूर्ण रहेको चर्चा गरे।

कार्यक्रममा उपराष्ट्रपति यादवले महायज्ञ सफल बनाउन सहयोग गर्ने विभिन्न व्यक्तित्वलाई दोसल्ला ओढाएर सम्मान गरे।

वरिष्ठ कथावाचिका साधवी लक्ष्मी माता तथा अन्य कथावाचकद्वारा नौ दिनसम्म सञ्चालन हुने महायज्ञमा दश लाख श्रदालु भक्तजन सहभागी हुने अनुमान गरिएको महायज्ञ व्यवस्थापन समितिका संयोजक रामप्रवेशप्रसाद कुर्मीले जानकारी दिए । महायज्ञमा नौ दिनसम्म श्रीराम नाम जप, रामचरित्र मानष पाठ, कथा बाचन, रासलिलालगायतका धार्मिक सांस्कृतिक कार्यक्रम आयोजना हुने संयोजक कुर्मीले बताए।

# 'भ्रष्टाचार रोक्न सहकार्य जरुरी'



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रले भ्रष्टाचार जस्तो विकृति रोक्न सबै सरोकारबालाहरुबीच सहकार्य आवश्यक रहेको बताएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३औं स्थापना दिवसमा आयोगद्वारा आइतबार जनकपुरधाममा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले मुलुकमा विधिको शासन स्थापना गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्वाह गरेको भूमिकाको प्रशंसा गरे । उनले आमजनताले अनुभूति गर्ने गरी कार्यसम्पादन गर्न समेत आयोगलाई आग्रह गरेका थिए।

कार्यक्रममा मुख्यमन्त्री सरोजकुमार यादवले भ्रष्टाचारलाई क्यान्सरको संज्ञा दिदै यसलाई रोक्न सबै एकजुट हुनुपर्ने आवश्यक्तामा जोड दिए । भ्रष्टाचार नियन्त्रण गर्ने प्रयोजनले नै आफूहरुले सुशासन ऐन ल्याउन लागेको चर्चा गर्दै मुख्यमन्त्री यादवले घुस खानेभन्दा घुस खुवाउनेहरु पनि सचेत हुनुपर्ने बताए।भ्रष्टाचार नियन्त्रणको लागि संचारकर्मीहरुसँग समेत सहयोगको अपिल गर्दै उनले सही समाचार सम्प्रेषन गरिएको खण्डमा सोही समाचारको आधारमा भ्रष्टलाई कारबाही गरिने जानकारी दिए।

कार्यक्रममा मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले भ्रष्टाचारको मुख्य कारक नेता र कर्मचारी रहेको आरोप लगाएका थिए। उनले नेता र कर्मचारी इमान्दार भइदिएको खण्डमा भ्रष्टाचार आफै नियन्त्रण हुने दाबी समेत गरेका थिए । उनले भने,'छानबिन गर्ने निकायनै इमान्दार नरहेको अवस्था छ,यस्तो अवस्थामा भ्रष्टाचार निर्मुल बनाउछु भन्नु पनि गलत छ।'

भ्रष्टाचार नियन्त्रणका लागि ३३ वर्ष पहिले स्थापना भएको आयोगले भ्रष्टचार निर्मुल बनाउने कुरा बेग्ले छ समाजमा बढ्दो भ्रष्टाचारी जमातको नियन्त्रण समेत गर्न नसकेको भन्दै उनले दुखेसो पोखेका थिए। समाजमा अहिले यस्तो भएको छ इमान्दार व्यक्ति सबैभन्दा गए गुज्रेको ठानिन्छ र भ्रष्टाचार गरेर पैसा कमाउने व्यक्तिलाई बुद्धिमान मान्ने प्रचलन बढदै गएको छ,उनले भने,चोरहरुको हालीमुहाली बढी भयो जिम्मेवारी पाउनेले नै भ्रष्टाचार गरेको अवस्था छ ।' उनले भ्रष्टाचार निर्मुल गर्नका लागि इमान्दार भएर अग्रसर भए मात्र सम्भव रहेको बताए।

उच्च अदालत जनकपुरधामका मुख्य न्यायाधीश श्रीकान्त पौडेलले भ्रष्टाचारविरुद्ध नैतिक शिक्षाको आवश्यक्ता रहेको बताए।

सबै क्षेत्रमा भ्रष्टाचार व्याप्त रहेकाले कानुनभन्दा मांसिकता परिवर्तन गरेर अघि बढनुपर्नेमा उनले जोड दिएका थिए । मधेश प्रदेशका प्रमुख सचिव दिनेश कुमार घिमिरेले नियम कानुनको पालना गरेर जनताको अपेक्षा पूरा गर्न कर्मचारीहरुसँग आग्रह गरे।

यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबासका प्रमुख रामबहादुर कुरुम्वाङले देशको विकास र समृद्धिको अवरोधको रुपमा रहेको भ्रष्टाचारलाई निवारण गर्ने मुख्य कर्तव्य सरकारको र कार्यालय प्रमुखहरुको रहेको बताएका थिए । सो अवसरमा माविस्तरीय निबन्ध प्रतियोगितामा उत्कृष्ट विद्यार्थीहरुलाई नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो।

# अञ्जनी सुईट र प्रभु बैंकबीच सम्झौता



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामका होटल अञ्जनी सुईट प्रा.लि. र प्रभु बंकबीच द्विपक्षीय सम्झौता भएको छ। प्रभु बैंकका ग्राहक र कर्मचारीहरुले एटिएम वा मोवाइल बैकिंगबाट भुक्तानी गर्दा विशेष छुट दिइने सम्झौता भएको छ।

जनकपुरधाममा आइतवार एक कार्यक्रमकाबीच प्रभु बैंकका प्रादेशिक प्रमुख सौरभ चौधरी, शाखा प्रबन्धक मन्दीप राउत क्षेत्री र होटलका तर्फवाट प्रमुख कार्यकारी अधिकृत राजेन्द्र यादव र महाप्रबन्धक वीरेन्द्रकुमार महराले द्विपक्षीय सम्झौतामा हस्ताक्षर गरेका छन्।

प्रभु बैंकको कुनै माध्यमवाट भुक्तानी गर्दा अञ्जनी सुईट होटलले आवासमा १० प्रतिशत र फूड परिकारमा १५ प्रतिशत छुट दिने सहमति भएको होटेलका महाप्रवन्धक वीरेन्द्रकुमार महराले जानकारी दिएका छन्।

जनकपुरधाममै सुविधा सम्पन्न थ्री स्टार होटल सरहको सेवा सुविधा प्रदान गर्दै आएका अञ्जनी सुईट सञ्चालनमा आएको कमै समयमा लोकप्रियता प्राप्त गर्दै आएको छ। होटलको टप फ्लोरमा रहेको रेष्टुरेन्टले ग्राहकलाई लोभ्याउने र प्रयाप्त पार्किङ्ग सेवा सुविधाले होटलको लोकप्रियता थप आकर्षक रहेको छ।

## कार्यालयमा तोडफोड गर्नेमाथि कारवाहीको माग

**टुडे समाचारदाता**

सिरहा । मिर्चैया नगरपालिकाका मेयर श्रवणकुमार यादवले कार्यालयमा तोडफोड गर्नेमाथि कारवाही गर्नुपर्ने बताएका छन् । कार्यालयमा आइतवार करिव १२ बजेको समयमा आएका एक समूहले कार्यालयमा तोडफोड गरेका छन् ।

मिर्चैया नगरपालिका-३ का वडाध्यक्ष पवित्री देवी यादवको श्रीमान् खगेश्वर गोहिवार यादवको अगुवाइमा दर्जनौ व्यक्ति कार्यालयमा प्रवेश गरी ढुङ्गामुढा गरेको मेयर यादवले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

उनले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ-' उनीहरु कार्यालयमा प्रवेश गर्दा कर्मचारी र सेवाग्राहीहरु भयभीत भएका थिए। ज्यान जोगाउन कर्मचारीहरु सुरक्षित स्थान तर्फ भागेका थिए। प्रहरीलाई बोलाउँदा सम्म केही समय कार्यालय तनाबपूर्ण बनेको थियो।'

कुनै माग नराखी कार्यालयमा ढुङ्गामुढा गर्नु लोकतान्त्रिक विधि प्रक्रियाको विरुद्ध रहेको मेयर यादवले बताए।

# 'विश्वासको मत लिएपछि प्रदेश सभा निरन्तर चल्ने'

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशसभा बैठक पछिल्लो दुई महिनादेखि बस्न सकेको छैन । पछिल्लो पटक गत मंसिर २० गते दोस्रो अधिवेशनको एघारौं बैठक बसेर स्थगित गरिएको थियो। त्यसपछि अहिलेसम्म बैठक बस्न सकेको छैन् । गत २०७९पुस १५ मा प्रदेशसभाको दोस्रो कार्यकालका लागि चुनिएका प्रदेश सांसदले शपथ लिएयता पहिलो अधिवेशनको ३६ वटा र दोस्रो अधिवेशनको ११ गरी ४७ वटा मात्र बैठक बसेको छ।



सभामुख रामचन्द्र मण्डलले सरकारले बिजनेस नदिँदा प्रदेशसभा बैठक बस्न नसकेको बताए । उनले भने, "सरकारले बिजनेस नै दिन नसक्दा प्रदेशसभा बैठक बस्न सकेको छैन । अब प्रदेशसभाको समितिमै छलफलमा रहेको विधेयकमाथि विचार विमर्श गरेर छलफल गराउन प्रदेशसभा बैठक आह्वान गर्छौं।"

प्रदेशसभाको दोस्रो कार्यकालमा आर्थिक र विनियोजन विधेयक बाहेक नौ वटा विधेयक पेश गरिएकामा मधेश प्रदेशको केही ऐन संशोधन गर्न बनेको विधेयक २०७९, आर्थिक विधेयक २०८०, र मधेश प्रदेश विनियोजन विधेयक २०८० मात्र पारित भएको छ।

प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९, प्रदेश बाल अधिकार ऐन २०७९ को पहिलो संशोधन, मधेश प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०, प्रदेश कृषि विकास विधेयक २०८० र स्थानीय सेवाको गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० संसदीय समितिमा छलफलको क्रममा रहेको सभामुख मण्डलले बताए।

संसदीय समितिले ढिलोगरी पूर्णता पाएका कारण पनि विधेयक छलफल भएर पास हुन नसकेको उनको भनाई थियो । गत कात्तिक १४ मा मात्रै मधेश प्रदेशसभाको सातवटै संसदीय समितिको सभापति चयनले पूर्णता पाएको थियो।

प्रमुख प्रतिपक्षी नेकपा (एमाले) संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले प्रदेशसभा सञ्चालनका लागि सरकारलाई बिजनेस दिन दबाब दिइएको उल्लेख गरे । यता मुख्यमन्त्री सरोज यादवलाई जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएपछि अब विश्वासको मत लिनुपर्ने अवस्था रहेको छ । मधेश सरकारका प्रवक्ता रहेका गृह सञ्चार तथा कानुनमन्त्री मोहम्मद समिमले बिजनेसका लागि प्रदेशसभामा विभिन्न विधेयक बाँकी नै रहेको बताउँदै उनले अब मुख्यमन्त्रीले विश्वासको मत लिएपछि निरन्तर प्रदेशसभा बैठक चल्ने उल्लेख गरे।

'प्रदेशसभामा विधेयक बाँकी छ। टेबुल भएकै छ,' मन्त्री समिमले भने, "केही विधेयक प्रदेश सभामा पेस गर्न तयार पारेर पनि राखिएको छ।" गत माघ ९ गते जनमतका दुई मन्त्रीले मधेश प्रदेश सरकारबाट समर्थन फिर्ता लिँदै राजीनामा दिएका थिए।

अब बस्ने प्रदेशसभा बैठकमा संसदीय समितिमा छलफलको क्रममा रहेको विधेयक पास हुने प्रदेशसभा सचिवालयले जनाएको छ।

# विराटनगर महानगरमा यादव

**टुडे समाचारदाता**

विराटनगर। जनता समाजवादी पार्टी (जसपा) नेपालको विराटनगर महानगरपालिका समिति पुनर्गठन भएको छ। विराटनगरमा आयोजित एक भेलाले अमरेन्द्र कुमार यादवको अध्यक्षतामा ३७ सदस्यीय समिति पुनर्गठन गरेको छ।

समितिको उपाध्यक्षमा मो.नसरुल सचिव रामचन्द्र यादव सह सचिव विकासकुमार मण्डल र कोषाध्यक्षमा मो. रुस्तम अली चयन भएका छन्।

पार्टीका राजनीतिक समिति सदस्य जयराम यादवको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा राजनीतिक समिति सदस्य सञ्जय सिंह केन्द्रीय सदस्य सदिना खातुनलगायतका नेताहरु उपस्थित थिए।


आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

कम्प्युटर अपरेटर - १ (एक) जना

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८